# तनहुँ धरमपानीको गुरुङ समाजमा प्रचलित नेपाली लोकगीतको सङ्कलन, वर्गीकरण र विश्लेषण

त्रिभुवन विश्वविद्यालय,
मानविकी तथा सामाजिक शास्त्र सङ्कायअन्तर्गत
वीरेन्द्र बहुमुखी क्याम्पस, नेपाली विभाग, भरतपुर, चितवनको
स्नातकोत्तर तह, द्वितीय वर्षको पाठ्यांश परिपूर्तिका लागि
दसौं पत्रको प्रयोजनार्थ
प्रस्तुत

## शोधपत्र

**शोधकर्ता**

**केदारनाथ ढुङ्गाना**

क्याम्पस क्र.सं. : २२

त्रि.वि.द.सं. : ४९४७९–८८

नेपाली विभाग

त्रिभुवन विश्वविद्यालय

वीरेन्द्र बहुमुखी क्याम्पस

भरतपुर, चितवन

२०६५

# तनहुँ धरमपानीको गुरुङ समाजमा प्रचलित नेपाली लोकगीतको सङ्कलन, वर्गीकरण र विश्लेषण

त्रिभुवन विश्वविद्यालय,
मानविकी तथा सामाजिक शास्त्र सङ्कायअन्तर्गत
वीरेन्द्र बहुमुखी क्याम्पस, नेपाली विभाग, भरतपुर, चितवनको
स्नातकोत्तर तह, द्वितीय वर्षको पाठ्यांश परिपूर्तिका लागि
दसौँ पत्रको प्रयोजनार्थ
प्रस्तुत

## शोधपत्र

**शोधनिर्देशक**
**होमनाथ सापकोटा**

**शोधकर्ता**
**केदारनाथ ढुङ्गाना**
क्याम्पस क्र.सं. : २२
त्रि.वि.द.सं. : ४९४७९–८८
नेपाली विभाग
त्रिभुवन विश्वविद्यालय
वीरेन्द्र बहुमुखी क्याम्पस
भरतपुर, चितवन
२०६५

# त्रिभुवन विश्वविद्यालय

**मानविकी तथा सामाजिक शास्त्र सङ्कायअन्तर्गत**

**वीरेन्द्र बहुमुखी क्याम्पस, नेपाली विभाग**

**भरतपुर, चितवन**

**मा**

## शोधकर्ता


**केदारनाथ ढुङ्गाना**

(क्याम्पस क्र.सं. : २२

त्रि.वि.द.सं. : ४९४७९–८८)


द्वारा प्रस्तुत

# तनहुँ धरमपानीको गुरुङ समाजमा प्रचलित नेपाली लोकगीतको सङ्कलन, वर्गीकरण र विश्लेषण

शीर्षकको

# शोधपत्र

नेपाली विषयमा स्नातकोत्तर तह, द्वितीय वर्ष, दसौँ पत्रको प्रयोजनका निम्ति स्वीकृत गरिएको छ ।

## मूल्याङ्कनसमिति

| ........................................ | .............................. | .................................. |
|---|---|---|
| बाह्यपरीक्षकको हस्ताक्षर | शोधनिर्देशकको हस्ताक्षर | विभागीय प्रमुखको हस्ताक्षर |
| (सहप्रा. भागवतशरण न्यौपाने) | (सहप्रा.होमनाथ सापकोटा) | (प्रा.डा. नारायणप्रसाद खनाल) |
| मिति : २०६६/०१/०९ | मिति : २०६६/०१/०९ | मिति : २०६६/०१/०९ |

# पहिलो परिच्छेद

# शोधपरिचय

# दोस्रो परिच्छेद
# लोकगीतको सैद्धान्तिक स्वरूप

## तेस्रो परिच्छेद

# तनहुँ धरमपानीको गुरुङ समाजमा प्रचलित नेपाली लोकगीतको सङ्कलन र वर्गीकरण

## चौथो परिच्छेद

# तनहुँ धरमपानीका लोकगीतको विश्लेषण

# पाँचौं परिच्छेद

# उपसंहार

# परिशिष्ट

# सन्दर्भग्रन्थसूची

# परिशिष्ट : तीन



चुड्का नाच्न तयारी युवतीहरू



चुड्का नाच्दै गरेका युवतीहरूको दृश्य

# परिशिष्ट : तीन



केटीहरू चुड्का नाचमा केटाको भेष गरी नाच्दै



घाटु जगाउँदाको दृश्य

# परिशिष्ट : तीन



घाटु नृत्यको दृश्य



घाटु जगाउँदै गुरुआमा

# परिशिष्ट : तीन



करुण मुद्रामा घाटुलीहरू




घाटु झुलाउँदाको वा अन्त गर्दाको दृश्य

# परिशिष्ट : तीन



मारुनी (मादल) नाचको अन्तमा नचरीहरूको फोटो

# परिशिष्ट : चार




तनहुँ जिल्लाको नक्सा

# विषयसूची


(क) आवरणपृष्ठ

(ख) शोधपत्रको स्वीकृतिपत्र

(ग) शोधनिर्देशकको मन्तव्य

(घ) कृतज्ञताज्ञापन

(ङ) सङ्क्षेपीकृत शब्दसूची


## पहिलो परिच्छेद
## शोधपरिचय


| | | |
|---|---|---|
| १.१ | शोधशीर्षक | १ |
| १.२ | शोधकार्यको प्रयोजन | १ |
| १.३ | विषयपरिचय | १ |
| १.४ | शोधकार्यको समस्याकथन | २ |
| १.५ | शोधको उद्देश्य | २ |
| १.६ | पूर्वकार्यको समीक्षा | २ |
| १.७ | अध्ययनको औचित्य र महत्त्व | ४ |
| १.८ | प्राक्कल्पना | ५ |
| १.९ | शोधविधि | ५ |
| | १.९.१ क्षेत्रीय अध्ययन | ५ |
| | १.९.२ पुस्तकालयीय अध्ययन | ५ |
| | १.९.३ सैद्धान्तिक ढाँचा | ६ |
| १.१० | शोधअध्ययनको सीमाङ्कन | ६ |
| १.११ | शोधपत्रको रूपरेखा | ६ |

## दोस्रो परिच्छेद
## लोकगीतको सैद्धान्तिक स्वरूप


| | | | |
|---|---|---|---|
| २.१ | परिचय | | ७ |
| २.२ | परिभाषा | | ८ |
| २.३ | लोकगीतको तत्त्व | | ९ |
| | २.३.१ | भाव या विचार | १० |
| | २.३.२ | उद्देश्य | १० |
| | २.३.३ | भाषा | १० |
| | २.३.४ | शैली | १० |
| | २.३.५ | लय | १० |
| २.४ | लोकगीतका विशेषता | | ११ |
| २.५ | लोकगीतको वर्गीकरण | | १२ |
| २.६ | निष्कर्ष | | १५ |


## तेस्रो परिच्छेद
## तनहुँ धरमपानीको गुरुङ समाजमा प्रचलित नेपाली लोकगीतको सङ्कलन र वर्गीकरण


| | | | | |
|---|---|---|---|---|
| ३.१ | तनहुँ धरमपानीका लोकगीतको सङ्कलन | | | १६ |
| | ३.१.१ | संस्कार गीत | | १६ |
| | | ३.१.१.१ | रत्यौली | १६ |
| | ३.१.२ | श्रमगीत | | १७ |
| | | ३.१.२.१ | असारेगीत | १७ |
| | | ३.१.२.२ | साउनेगीत | १७ |
| | | ३.१.२.३ | दाइँगीत/दँयरेगीत | १८ |
| | ३.१.३ | पर्वगीत | | १९ |
| | | ३.१.३.१ | भैली/भैलो | १९ |
| | | ३.१.३.२ | देउसी/द्यौसी | २० |
| | ३.१.४ | सदाकालिक वा बाह्रमासे गीत | | २२ |
| | | ३.१.४.१ | रोइला | २२ |
| | | ३.१.४.२ | हो, राज्यै पियारी | २२ |
| | | ३.१.४.३ | रोदीगीत | २४ |
| | | ३.१.४.४ | तालपानीको छेउ | २४ |
| | | ३.१.४.५ | चुट्का/कौरा | २५ |
| | | ३.१.४.६ | सालै जो | २६ |

| | | | |
|---|---|---|---|
| | ३.१.५ | लामा गाथायुक्त लोकगीत | २७ |
| | | ३.१.५.१ घाटु (सतीघाटु) | २७ |
| | | ३.१.५.२ मारुनीगीत | ३५ |
| ३.२ | तनहुँ धरमपानीको गुरुङ समाजमा प्रचलित लोकगीतको वर्गीकरण | | ४० |
| ३.३ | निष्कर्ष | | ४४ |


## चौथो परिच्छेद
## तनहुँ धरमपानीको गुरुङ समाजमा प्रचलित नेपाली लोकगीतको विश्लेषण


| | | | |
|---|---|---|---|
| ४.१ | पृष्ठभूमि | | ४५ |
| ४.२ | तनहुँ धरमपानीको गुरुङ समाजमा प्रचलित नेपाली लोकगीतमा अभिव्यक्त कथ्य | | ४५ |
| | ४.२.१ | रत्यौली | ४५ |
| | ४.२.२ | श्रमगीत | ४६ |
| | ४.२.३ | पर्वगीत | ४६ |
| | ४.२.४ | सदाकालिक वा बाह्रमासे गीत | ४६ |
| | ४.२.५ | घाटुगीत | ४८ |
| | ४.२.६ | मारुनी | ४९ |
| ४.३ | तनहुँ धरमपानीको गुरुङ समाजमा प्रचलित नेपाली लोकगीतमा समाज चित्रण | | ५० |
| ४.४ | तनहुँ धरमपानीको गुरुङ समाजमा प्रचलित नेपाली लोकगीतमा सांस्कृतिक चित्रण | | ५१ |
| ४.५ | तनहुँ धरमपानीको गुरुङ समाजमा प्रचलित नेपाली लोकगीतमा आर्थिक अवस्थाको चित्रण | | ५३ |
| ४.६ | तनहुँ धरमपानीको गुरुङ समाजमा प्रचलित नेपाली लोकगीतमा प्रकृति | | ५४ |
| ४.७ | तनहुँ धरमपानीको गुरुङ समाजमा प्रचलित नेपाली लोकगीतमा लयविधान | | ५६ |
| ४.८ | तनहुँ धरमपानीको गुरुङ समाजमा प्रचलित नेपाली लोकगीतमा अलङ्कार | | ५६ |
| ४.९ | तनहुँ धरमपानीको गुरुङ समाजमा प्रचलित नेपाली लोकगीतमा रसभाव | | ५८ |
| | ४.९.१ | शृङ्गाररस | ५८ |
| | ४.९.२ | हास्यरस | ५८ |
| | ४.९.३ | करुणरस | ५९ |
| | ४.९.४ | वीररस | ५९ |
| | ४.९.५ | शान्तरस | ५९ |
| ४.१० | निष्कर्ष | | ६० |

## परिच्छेद : पाँच
## उपसंहार


| | |
|---|---|
| उपसंहार | ६२ |


## परिशिष्ट


| | | | | | |
|---|---|---|---|---|---|
| परिशिष्ट | : | एक | – | अन्तर्वार्ताको प्रश्नावलीनमुनाहरू | ६५ |
| | | | | (क) कौरागीतको गुरुसँग लिएको अन्तर्वार्ता | ६६ |
| | | | | (ख) मिति २०६५।७।२४ गते शोधकर्ता मारुनी गायकसँग लिएको अन्तर्वार्ता | ६६ |
| परिशिष्ट | : | दुई | – | विशेष शब्द-अर्थ | ६७ |
| परिशिष्ट | : | तीन | – | छायाचित्रहरू | ६८ |
| परिशिष्ट | : | चार | – | नक्सा | ७१ |


## सन्दर्भग्रन्थसूची


| | | |
|---|---|---|
| (१) | प्रमुख पुस्तकहरू | ७२ |
| (ख) | प्रमुख पत्रपत्रिकाहरू | ७५ |

# शोधनिर्देशकको मन्तव्य

त्रिभुवन विश्वविद्यालय, वीरेन्द्र बहमुखी क्याम्पस, भरतपुरको, नेपाली विभागअन्तर्गत स्नातकोत्तर दोस्रो वर्षका छात्र केदारनाथ ढुङ्गानाले **तनहुँ धरमपानीको गुरुङ समाजमा प्रचलित नेपाली लोकगीतको सङ्कलन, वर्गीकरण र विश्लेषण** शीर्षकको प्रस्तुत शोधपत्र मेरा निर्देशनमा तयार पार्नुभएको हो । अत्यन्त परिश्रमपूर्वक तयार गरिएको यस शोधकार्यबाट म सन्तुष्ट छु र यसको आवश्यक मूल्याङ्कनका लागि सिफारिस गर्दछु ।

मिति : २०६ / /


**(होमनाथ सापकोटा)**
सहप्राध्यापक
त्रिभुवन विश्वविद्यालय
**वीरेन्द्र बहुमुखी क्याम्पस**
**नेपाली विभाग**
भरतपुर, चितवन

# कृतज्ञताज्ञापन

प्रस्तुत **तनहुँ धरमपानीको गुरुङ समाजमा प्रचलित नेपाली लोकगीतको सङ्कलन, वर्गीकरण र विश्लेषण** शीर्षकको शोधपत्र त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिक शास्त्र सङ्कायअन्तर्गत वीरेन्द्र बहुमुखी क्याम्पस, भरतपुर, चितवनको नेपाली विभागको स्नातकोत्तर तह, द्वितीय वर्षको पाठ्यांश परिपूर्तिका निम्ति दसौँ पत्रको प्रयोजनका लागि तयार गरिएको हो । यो शोधपत्र तयार पार्नेक्रममा निर्देशन गर्नुहुने आदरणीय गुरु सहप्राध्यापक श्री होमनाथ सापकोटाप्रति म हार्दिक कृतज्ञता ज्ञापन गर्दछु ।

गुरुङ समाजमा प्रचलित नेपाली लोकगीतको सङ्कलन गर्ने क्रममा सहयोग पुऱ्याउनु हुने श्री आनन्दबहादुर गुरुङ, श्रीमती सावित्री गुरुङ, श्री जखुलाल गुरुङ, शुकबहादुर गुरुङ, श्रीमती विर्खमान गुरुङमा आभार प्रकट गर्दछु ।

प्रस्तुत शोधपत्र तयार पार्ने कार्यका लागि मलाई सदा प्रोत्साहित गर्नुहुने मेरा आदरणीय गुरु तथा दाजु सह-प्राध्यापक श्री कुलप्रसाद ढुङ्गाना (वीरेन्द्र बहुमुखी क्याम्पस, भरतपुर, चितवन) लाई धन्यवाद दिन चाहन्छु । यसका अतिरिक्त यो शोधपत्र तयार पार्नेक्रममा प्रत्यक्ष-अप्रत्यक्ष रूपमा टेवा पुऱ्याउनुहुने सबै महानुभावहरूका साथै यस शोधपत्रलाई शुद्धसँग समयमै टङ्कण गरिदिनुहुने कम्प्युटर केयर एन्ड डिजाइनिङ सेन्टर, नारायणगढका टङ्कणकर्ता दीपेन्द्रकुमार जोशी 'निक' प्रति पनि साधुवाद अर्पण गर्दछु ।

अन्त्यमा यस शोधपत्रको मूल्याङ्कनको लागि त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिक शास्त्र सङ्काय, वीरेन्द्र बहुमुखी क्याम्पस, भरतपुर, चितवनको नेपाली विभागसमक्ष प्रस्तुत गर्दछु ।

मिति : २०६   /   /

**(केदारनाथ ढुङ्गाना)**
क्याम्पस क्र.सं. : २२
त्रि.वि.द.सं. : ४९४७९–८८
नेपाली विभाग
त्रिभुवन विश्वविद्यालय
**वीरेन्द्र बहुमुखी क्याम्पस**
भरतपुर, चितवन
२०६५

# सङ्क्षेपीकृत शब्दसूची

यस शोधपत्रमा प्रयोग गरिएका शब्दहरूको सङ्क्षेपीकृत रूप यसप्रकार छन् :

| | |
|---|---|
| क्र.सं. | क्रमसङ्ख्या |
| गा.वि.स. | गाउँ विकास समिति |
| डा. | डाक्टर |
| त्रि.वि. | त्रिभुवन विश्वविद्यालय |
| द.सं. | दर्तासङ्ख्या |
| प्रका. | प्रकाशक |
| प्रा. | प्राध्यापक |
| पृ. | पृष्ठ |
| वि.सं. | विक्रम संवत् |
| सङ्क. | सङ्कलन |
| सं. | सम्वत् |
| संस्क. | संस्करण |
| सम्पा. | सम्पादक |

# पहिलो परिच्छेद
# शोधपरिचय

## १.१ शोधशीर्षक

यस शोधपत्रको शीर्षक **तनहुँ धरमपानीको गुरुङ समाजमा प्रचलित नेपाली लोकगीतको सङ्कलन, वर्गीकरण र विश्लेषण** रहेको छ ।

## १.२ शोधकार्यको प्रयोजन

प्रस्तुत शोधकार्य त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिक शास्त्र सङ्काय-अन्तर्गत वीरेन्द्र बहुमुखी क्याम्पस, नेपाली विभाग स्नातकोत्तर तह दसौँ पत्रको प्रयोजनका लागि तयार गरिएको हो ।

## १.३ विषयपरिचय

लोकगीतमा जातीयता र स्थानीयताको विशेष प्रभाव हुन्छ । नेपाली लोकगीतमा जातीय, क्षेत्रीय र स्थानविशेषका भाकाहरूले आफ्नै पहिचान राख्दै आएका छन् । जातीय, क्षेत्रीय र स्थानविशेषका लोकगीतलाई छुट्टाछुट्टै अध्ययन गर्न र ती गीतहरूलाई संरक्षण गर्न जरुरी छ । गुरुङ समाजमा प्रचलित चुड्का, झ्याउरे, घाटु, सोरठी, रोदी गीतको विशेष महत्त्व छ । महत्त्वपूर्ण मानिएका यिनै लोकगीतका पनि स्थानभेद पाइन्छन् । प्रस्तुत अध्ययन विशेषगरी तनहुँ जिल्लाको धरमपानी गा.वि.स.मा बसोबास गर्ने गुरुङहरूको समाजमा प्रचलित नेपाली लोकगीतको अध्ययनमा केन्द्रित छ ।

## १.४ शोधकार्यको समस्याकथन

प्रस्तुत शोधकार्यका समस्याहरू निम्नलिखित छन् :

(१) तनहुँ धरमपानीको गुरुङ समाजमा के–कस्ता किसिमका नेपाली लोकगीतहरू प्रचलनमा छन् ?

(२) तनहुँ धरमपानीको गुरुङ समाजमा प्रचलित लोकगीतहरूलाई के–कति वर्गमा वर्गीकरण गर्न सकिन्छ ?

(३) तनहुँ धरमपानीको गुरुङ समाजमा के–कस्ता पर्वगीत, श्रमगीत, संस्कारगीत र अन्य विविध गीतहरू प्रचलनमा छन् ?

(४) तनहुँ धरमपानीको गुरुङ समाजमा प्रचलित नेपाली लोकगीतहरूमा स्थानीय तथा जातिगत सांस्कृतिक प्रचलन-परम्पराको के-कस्तो प्रतिबिम्बन छ ?

## १.५ शोधको उद्देश्य

प्रस्तुत शोधपत्र निम्नलिखित उद्देश्यमा आधारित छ :

(१) तनहुँ धरमपानीको गुरुङ समाजमा प्रचलित लोकगीतका किसिमहरूलाई पहिचान गर्नु ।

(२) तनहुँ धरमपानी गा.वि.स.का गुरुङ समाजमा प्रचलित लोकगीतहरूको वर्गीकरण गर्नु ।

(३) तनहुँ धरमपानीको समाजमा प्रचलित पर्व, श्रम, संस्कार र अन्य विविध गीतहरूबारे जानकारी प्राप्त गर्नु ।

(४) तनहुँ धरमपानीको गुरुङ समाजका लोकगीतमा स्थानीय तथा जातिगत सामाजिक, सांस्कृतिक प्रचलन-परम्पराको प्रतिबिम्बनलाई प्रकाशमा ल्याउनु ।

(५) सङ्कलित र वर्गीकृत लोकगीतहरूको विश्लेषण गर्नु ।

## १.६ पूर्वकार्यको समीक्षा

लोकगीत लोकसाहित्यको एउटा प्रमुख प्राचीन विधा हो । लोकगीतको महत्त्व नेपाली धर्म, संस्कृति, रीतिरिवाज, सुखदु:खसँग रहेको छ । नेपाली लोकगीतको अध्ययनको परम्परा धेरैपछि मात्र हुन थालेको हो । यसर्थ नेपाली लोकगीतको अन्वेषण र विश्लेषण गर्ने काम कमै भएको छ । आजसम्म गुरुङ समाजमा प्रचलित नेपाली लोकगीतको अध्ययनको चर्चा र त्यसको कालक्रमिक विवरण यसप्रकार रहेको छ :

सत्यमोहन जोशीद्वारा लिखित **हाम्रो लोकनृत्य र लोकगीत** (काठमाडौं : रत्न पुस्तक भण्डार, २०१४, पृ. १३६–१४४) मा गुरुङ जातिले गाउने 'चरित्रनाच' का साथै 'घाटुनाच' का सम्बन्धमा पनि उल्लेख छ । लेकाली गुरुङ गाउँहरू श्रीपञ्चमीको दिनदेखि वैशाख चण्डीपूर्णिमाको दिनसम्म 'घाटुनाच' को चहकमहकमा प्राय: मस्त हुन्छन् भन्दै घाटुको महत्त्वबारे यसमा प्रकाश पारिएको छ ।

कालीभक्त पन्तद्वारा लिखित **हाम्रो सांस्कृतिक इतिहास** (स्याङ्जा : लेखक स्वयम्, २०२८, पृ. १२१–१२३) मा गुरुङ समाजमा 'घाटु' को प्रचलन रहेको र मगर, तामाङ, शेर्पाहरू नेपाली लोकगीत विशेषगरी झ्याउरेगीतका बीजारोपक नै हुन् भनिएको छ । उक्त पुस्तकमा गुरुङ, मगरजस्ता आदिवासी जनजातिहरूको आफ्नै लोकसंस्कृति उनीहरूका लोकगीतबाट छर्लङ्ग हुन्छ भनिएको छ ।

धर्मराज थापाद्वारा लिखित **गण्डकीका सुसेली** (काठमाडौँ : नेपाल राजकीय प्रज्ञाप्रतिष्ठान, २०३०, पृ. १४–१५५) मा गण्डकी अञ्चलमा प्रचलित विभिन्न लोकगीत तथा लोकगाथाहरूका साथै गुरुङ समाजमा प्राचलित 'घाटु' को कथावस्तु र 'घाटुनृत्य' का कतिपय चित्रसमेत देखाउने काम भएको छ ।

केशरजङ्ग बराल मगरद्वारा लिखित **पाल्पा, तनहुँ र स्याङ्जाका मगरहरूको संस्कृति** (काठमाडौँ : नेपाल राजकीय प्रज्ञाप्रतिष्ठान, २०५०, पृ. ११७–९१) मा मगर समाजमा प्रचलित सोरठी, घाटु र कौरा (कोरा) गीत प्रस्तुत गरिएको छ । मगर तथा गुरुङ समाजमा यी गीतहरू प्रचलनमा छन् भन्ने कुरा उनको यस कृतिबाट जानकारी प्राप्त हुन्छ ।

डोरबहादुर विष्टद्वारा लिखित **सबै जातको फूलबारी** (ललितपुर : साझा प्रकाशन, २०५२, पृ. ७८–७९) मा गुरुङको रमाइलो चलन रोदी हो भन्ने उल्लेख गरिएको छ । उमेर पुगेका तर बिहे नभएका युवायुवतीहरूले रमाइलो गर्ने स्थल रोदी हो र रोदी गुरुङ समाजमा विशेष प्रचलित छ । उक्त पुस्तकमा रोदीमा गाइने गीतका नमुनाहरू प्रस्तुत छन् ।

अम्बिकाप्रसाद भट्टराईद्वारा तयार पारिएको **तनहुँ ढोरका लोकगीतका सङ्कलन, वर्गीकरण र विश्लेषण** (अप्रकाशित शोधपत्र, एम्.ए. नेपाली, त्रिभुवन विश्वविद्यालय, कीर्तिपुर, २०५२, पृ. ११६–१२२) मा विभिन्न किसिमका पर्व, कर्म, रोदीगीत लगायत घाटु र सोरठी गीतको सङ्कलन गर्ने काममात्र नभई वर्गीकरण र विश्लेषण गर्ने कार्यसमेत भएको छ । यसमा गुरुङलगायत अन्य जाति र समाजमा प्रचलित लोकगीतहरू पनि सङ्कलित छन् ।

सरिता गुरुङद्वारा तयार पारिएको **गुरुङ संस्कृतिमा रोदीगीतको अध्ययन** (अप्रकाशित शोधपत्र, एम्.ए. नेपाली, त्रिभुवन विश्वविद्यालय, कीर्तिपुर, २०५४, पृ. ९८–१३०) मा गुरुङ समाजमा प्रचलित रोदीगीतका लोकभाकाहरू समावेश गरिएको छ । उक्त शोधपत्रमा गुरुङ समाजको लोकसंस्कृति र लोकपरम्पराको जानकारी दिँदै प्रचलित विभिन्न लोकगीतहरू (कर्म, पर्व, बाह्रमासे आदि) लाई लिपिबद्ध गरिएको छ ।

सुबी शाहद्वारा लिखित **नेपाली लोकगीतको झलक** (ललितपुर : साझा प्रकाशन, २०६२, पृ. ४७) मा 'घाटु' को किसिम र यसमा पर्ने खण्डहरूको उल्लेख गरिएको छ । घाटु नृत्य गर्दाका अवस्थामा हाउभाउलाई समेत चिनाउने काम भएको छ ।

कृष्ण गुरुङद्वारा लिखित **माया नमार है** (लेखक स्वयम्, २०६२, पृ. १–१२८) मा लेखक स्वयम्ले गाएका गीतका साथै अन्य गुरुङ भाषाका लोकगीतहरूसमेत सङ्कलन गरिएको छ । उक्त पुस्तकमा गुरुङ समाजमा प्रचलित ठाडो भाका, चुड्का, सालैजोजस्ता भाकाका गीत सङ्कलित छन् ।

मोतीलाल पराजुलीद्वारा लिखित **नेपालमा प्रचलित नृत्य र नृत्यनाटिकाहरू** (ललितपुर : साझा प्रकाशन, २०६३, पृ. २२२) मा 'घाटु' लाई लोकपरम्परा र धार्मिक भावनामा अभिनय गरिने नृत्यनाटिका हो भनिएको छ । गुरुङ र मगर जातिको धार्मिक आस्था 'घाटु' भित्र निहित छ भन्दै धार्मिक मूल्य र परम्पराको संरक्षण घाटु प्रदर्शनको मूल उद्देश्य हो । यो नृत्यनाटिका मनोरञ्जनको निम्ति पनि त्यत्तिकै महत्त्वपूर्ण छ भन्ने कुरा उल्लेख छ ।

पूर्वकार्यको सर्वेक्षणबाट नेपाली लोकगीतका बारेमा धेरै कुरा जानकारी प्राप्त भए पनि तनहुँ धरमपानी गा.वि.स.का गुरुङ समाजमा प्रचलित नेपाली लोकगीतका बारेमा भने जानकारी प्राप्त हुन सक्दैन । तनहुँ धरमपानीको गुरुङ समाजमा प्रचलित लोकगीतको छुट्टै पहिचान प्राप्त गर्नु जरुरी छ । अत: प्रस्तुत अध्ययन यही आवश्यकता परिपूर्तिको उद्देश्यमा केन्द्रित छ ।

## १.७ अध्ययनको औचित्य र महत्त्व

तनहुँ धरमपानी गा.वि.स.मा बसोबास गर्ने गुरुङ समाजमा प्रचलित नेपाली लोकगीतको सङ्कलन, वर्गीकरण र विश्लेषणको औचित्य तथा महत्त्व यसप्रकार छ :

(१) प्रस्तुत शोधबाट तनहुँ धरमपानीको गुरुङ समाजमा प्रचलित लोकगीतहरूका किसिमहरूको पहिचान प्राप्त हुनेछ ।

(२) प्रस्तुत अध्ययनकार्यबाट स्थानीय समाजमा प्रचलित नेपाली लोकगीतको सङ्कलन र वर्गीकरण प्राप्त हुनेछ ।

(३) तनहुँ धरमपानीको गुरुङ समाजमा प्रचलित पर्व, श्रम, संस्कार र अन्य विविध गीतहरूको प्रचलन परम्पराबारे जानकारी प्राप्त हुनेछ ।

(४) तनहुँ धरमपानी गुरुङ समाजमा प्रचलित लोकगीतहरूमा गुरुङ जातिको सामाजिक, सांस्कृतिक प्रचलन, परम्पराको प्रतिबिम्बनबारे अवगत हुनेछ ।

## १.८ प्राक्कल्पना

प्रस्तुत शोधकार्यको शीर्षकसँग सम्बन्धित शोधसमस्या र शोधउद्देश्यसँग सामञ्जस्य गर्दै यस शोधकार्यका निम्ति यस्तो प्राक्कल्पना तयार गरिएको छ :

(१) तनहुँ धरमपानीको गुरुङ समाजमा प्रचलित लोकगीतहरू पर्व, श्रम, संस्कार र विविध गरी मूलतः तीन वर्गमा वर्गीकृत हुन्छन् ।

(२) तनहुँ धरमपानीको गुरुङ समाजमा विशेषगरी चार किसिमका लोकगीतहरू प्रचलनमा छन् ।

(३) तनहुँ धरमपानीको गुरुङ समाजमा पर्व, श्रम, संस्कार र अन्य विविध गीतहरू गाउने प्रचलन छ ।

(४) तनहुँ धरमपानीको गुरुङ समाजमा प्रचलित लोकगीहरूमा स्थानीय गुरुङ जातिका सामाजिक, सांस्कृतिक प्रचलन र परम्पराको प्रतिबिम्बन पाइन्छ ।

## १.९ शोधविधि

तनहुँ धरमपानीको गुरुङसमाजमा प्रचलित नेपाली लोकगीतको सङ्कलन कार्यका लागि निम्नलिखित विधिहरू अपनाइने छ ।

### १.९.१ क्षेत्रीय अध्ययन

प्रस्तुत **तनहुँ धरमपानीको गुरुङ समाजमा प्रचलित नेपाली लोकगीतको सङ्कलन, वर्गीकरण र विश्लेषण** विषयको अध्ययनकार्य पुस्तकालयीय विधिबाट मात्र सम्भव नहुने भएकोले गीतहरूको सङ्कलन क्षेत्रीय विधिद्वारा गरिएको छ । धरमपानीका बूढापाका, अनुभवी, शिक्षित, अशिक्षित व्यक्तिहरूसँग सहयोग लिई सङ्कलन गरिएको छ ।

### १.९.२ पुस्तकालयीय अध्ययन

शीर्षकअनुसार सैद्धान्तिकसामग्रीको सङ्कलन एवम् क्षेत्रीय विधिद्वारा सङ्कलित गीतहरूको वर्गीकरण र विश्लेषणका लागि पुस्तकालयीय अध्ययनविधि अपनाइएको छ ।

### १.९.३ सैद्धान्तिक ढाँचा

यस शोधपत्रको विषय लोकगीत भएकोले अध्ययनको ढाँचा स्थानीय तहमा खोज, सङ्कलन, अनुसन्धान र विश्लेषण रहेको छ । सम्बन्धित क्षेत्रमा गएर स्थलगत भ्रमण गरी शोधखोज गर्ने, अन्तर्वार्ता लिने, सामग्रीसङ्कलन गर्ने, सङ्कलित सामग्रीको वर्गीकरण गर्ने कार्य यस शोधपत्रमा गरिएको छ ।

## १.१० शोधअध्ययनको सीमाङ्कन

यस शोधपत्रमा तनहुँ धरमपानीमा बसोबास गर्ने गुरुङहरूमा प्रचलित नेपाली लोकगीतको अध्ययन गरिनेछ । धरमपानी गा.वि.स. अध्ययनको मूल थलो हुनेछ । **तनहुँ धरमपानीको गुरुङ समाजमा प्रचलित नेपाली लोकगीतको सङ्कलन, वर्गीकरण र विश्लेषण** नै यसको अध्ययनक्षेत्र र सीमा निर्धारण गरिएको छ ।

## १.११ शोधकार्यको रूपरेखा

यस शोधपत्रलाई सङ्गठित रूपमा प्रस्तुत गर्न परिच्छेदहरूको विभाजन यसरी गरिएको छ :

(१) पहिलो परिच्छेद : **शोधपरिचय**

यस परिच्छेदमा शोधपत्रको परिचय प्रस्तुत गरिएको छ । यसमा शोधपरिचयका आवश्यक शीर्षक-उपशीर्षकहरू रहेका छन् ।

(२) दोस्रो परिच्छेद : **लोकगीतको सैद्धान्तिक स्वरूप**

यस परिच्छेदमा लोकगीतको सैद्धान्तिक परिचय, लोकगीतको परिभाषा, विशेषता र वर्गीकरणलाई समेत स्पष्ट पारिएको छ ।

(३) तेस्रो परिच्छेद : **तनहुँ धरमपानीको गुरुङ समाजमा प्रचलित नेपाली लोकगीतको सङ्कलन र वर्गीकरण**

यस परिच्छेदमा स्थानीय गुरुङ समाजमा प्रचलित नेपाली लोकगीतको सङ्कलन र त्यसको वर्गीकरण प्रस्तुत गरिएको छ ।

(४) चौथो परिच्छेद : **तनहुँ धरमपानीका लोकगीतको विश्लेषण**

यस परिच्छेदमा अनुसन्धान क्षेत्रमा सङ्कलित र वर्गीकृत लोकगीतको विश्लेषण गरिएको छ ।

(५) पाँचौँ परिच्छेद : **उपसंहार**

यसमा उपसंहार खण्ड रहेको छ ।

# दोस्रो परिच्छेद
# लोकगीतको सैद्धान्तिक स्वरूप

## २.१ परिचय

लोकसाहित्यमा लोकगीतको आफ्नै विशिष्टता र व्यापकता रहेको छ । लोकसाहित्यका अनेक विधाहरूमध्ये लोकगीतलाई सर्वाधिक र सर्वप्रिय विधाका रूपमा लिइन्छ । लोकगीत 'उन्मुक्त गलाको अविरल ध्वनि वा स्वतन्त्र आत्माबाट स्वत: नि:सृत हार्दिक उच्छ्वास हो ।'[१] मानवीय अन्तर्जगत्को तरलतम साङ्गीतिक अभिव्यक्ति लोकगीतमा हुन्छ । लोकको आत्माको सामूहिक तथा सहज अभिव्यक्तिको सौन्दर्य र मिठास यसमा पाइन्छ । यो जनसामान्यको भाकामा अभिव्यक्त हुन्छ । एउटा कण्ठबाट निस्केको सुरिलो भाका श्रुतिपरम्परामा आधारित रही सयौँ कण्ठबाट बग्न थाल्दछ अनि एक स्थानबाट अर्को स्थानमा गुञ्जन थाल्दछ । लोकगीतमा प्रकृतिको बहुरूपी छटा, समसामयिक प्रसङ्ग, ऐतिहासिक तस्विर, सामाजिक प्रवृत्ति आदिको चित्र पाइन्छ ।

'लोकगीत' भन्नाले भाषिक, कलात्मक र लयात्मक अभिव्यक्ति भन्ने बुझिन्छ जुन लोकले गाउने गर्दछ । 'लोकगीत' शब्द 'लोक' र 'गीत' दुई शब्दको योगबाट बनेको हो । **नेपाली बृहद् शब्दकोश**मा 'लोक' शब्दको अर्थ 'ब्रह्माण्डको कुनै एक भाग अथवा खण्ड, जगत्, संसार आदि'[२] भनेर दिइएको छ । यही 'लोक' शब्दसँग गाँसिएको गीत शब्दले यस ब्रह्माण्डको कुनै एक भागमा बस्ने मानिसले गाएको भन्ने अर्थमा लोकगीत शब्दलाई लिएको पाइन्छ । 'लोक' शब्द संस्कृत भाषाबाट अन्य भाषामा व्यवहृत् भएको शब्द हो । संस्कृतमा 'लोकृ दर्शने' धातु छ त्यस धातुमा 'धञ्' प्रत्यय लागेर लोक शब्द निष्पन्न भएको हो ।[३] लोकगीतको आत्मालोक सङ्गीत हो । मानव जातिको विकसित शृङ्खलापछि शास्त्रीय सङ्गीतको विकास भएको हो । लोकगीतको अभ्युदय मान्छेको उत्पत्तिजत्तिकै प्राचीन छ भने पनि अत्युक्ति ठहर्दैन ।[४]

---

१ कालीभक्त पन्त, **हाम्रो सांस्कृतिक इतिहास**, (स्याङ्जा : स्वयम्, २०२५), पृ. १७ ।

२ **नेपाली बृहद् शब्दकोश**, (काठमाडौँ : नेपाल राजकीय प्रज्ञाप्रतिष्ठान, २०४०), पृ. ११८८ ।

३ शम्भूप्रसाद कोइराला, **लोकसाहित्य सिद्धान्त र विश्लेषण**, (विराटनगर : धरणीधर पुस्तक प्रतिष्ठान, २०५५), पृ. १ ।

४ ऐजन, पृ. ३२ ।

लोकगीत लोकसाहित्यको समृद्ध विधा हो । सर्वसाधारण जनताका हृदयका उद्‌गारहरूद्वारा मानव संस्कृतिलाई सुरक्षित गरेर राख्न सक्ने क्षमता यसमा रहेको हुन्छ । लोकगीतमा समाजका धर्म, संस्कृति र रीतिरिवाजहरू भित्रिएका मात्र नभई लोकमानसको ढुकढुकी आएको हुन्छ । भाषाको विकास र प्रचार गर्नमा लोकगीतले ठूलो भूमिका खेल्छ । लोकगीतमा जनचेतना ल्याउन सक्ने क्षमता भएकाले देशविदेशका कुनाकाप्चामा बसोबास गर्ने नेपालीको मर्म ओकेलेर एकताको सूत्रपात गर्ने काममा यसको महत्त्व अहम् हुन्छ । नेपाली लोकगीतले नेपाली मौलिक संस्कारलाई बोकेको हुन्छ । लोकगीत एउटा महासागर हो । लोकगीतको महासागरमा डुबुल्की मार्दा नेपालीपनका सिप्पी र मुगा भेट्टाउन सकिन्छ, तर यसको गहिराइ आदि, मध्य र अन्त्य पत्ता लगाउन सकिँदैन । यो अनादि कालदेखि मौलिक परम्परामा हुर्केको, फक्रेको र फैलिएको हुन्छ ।

लोकगीत परम्परागत रूपमा युगौँयुगदेखि व्यक्तिव्यक्तिलाई प्रभावित पार्दै मौखिक रूपमा गाइँदै आएको हो । लोकगीत आकारमा छोटो, गाउन सजिलो र मनोरञ्जन दिने खालको हुन्छ । लोकको प्रतिनिधित्व गर्ने र तुरुन्त प्रभाव पार्न सक्ने सामर्थ्य भएकाले यो लोकको सम्पत्ति हो । युवायुवतीबीचको दोहोरी, प्रेमविरहका व्यथा, गरिबका पीडा, चाडपर्वका खुसी आदि लोकगीतमा अभिव्यक्त हुन्छन् । मेलापात, वनपाखा र रोदीमा गाइने लोकगीत सरल अपठित् र ग्रामीण समुदायको हार्दिक अभिव्यक्ति यसमा रहन्छ । यसले मानवमस्तिष्कलाई रसात्मक अनुभूति प्रदान गरी मनोविकृतिलाई हटाउने काम गर्दछ ।

## २.२ परिभाषा

लोकगीतलाई परिभाषित गर्ने क्रममा विद्वान्हरूले आ-आफ्नै विचार प्रकट गरेका छन् । लोकगीतलाई चिन्न र ठम्याउन सरल हुने हुनाले विद्वान्हरूले गरेका लोकगीतका परिभाषाहरूलाई यहाँ प्रस्तुत गरिएको छ ।

लक्ष्मण लोहनीका अनुसार – 'वसन्तको हरियालीमा, चैते हुरी, जेठको खडेरीमा, दिनभरको थकाइमा, डम्फू, मादल, झ्याली, करताल, खैँजडी, मुर्चुङ्गा, बाँसुरीको रन्कोमा रोदीघरबाट एक डाँडालाई पट्ट पारी कुलकुलाइरहेका खोलानालाको अविरल धुनमा सहेलिँदै गाइएका सुरिला मधुरकण्ठी च्याङ्वा र च्याङ्वी, साहिँला र साहिँलीका हृदय फुटेर आएका चोखा सङ्गीतमय उद्‌गारलाई हामी लोकगीतले पुकार्छौं ।'[५]

कालीभक्त पन्तका अनुसार – 'लोकगीत कसैको दबाब, धन, बक्सिस, लोभसमेतमा नपरी स्वयम् दु:खित, उत्पीडित, आक्रान्त, सम्भ्रान्त, त्रस्त, जागतृ, प्रस्फुलित, हर्षित, संयुक्त र वियुक्तसमेत जोकोही जाति, व्यक्ति, लिङ्ग, समाज, जिल्ला, गाउँसमेतका नरनारीले कुनै पुस्तकको बन्धनमा नपरी बनाएका हुन् ।'[६]

राजेन्द्र सुवेदी र होम सुवेदीका अनुसार – 'लोकसंस्कारबाट निर्मित लयात्मक गेय र लघु रचनाहरू लोकगीत हुन् । तिनमा केही शास्त्रीयता र लोकलयसँग सङ्गीतकलाको मिश्रण भएमा लोककविताको सिर्जना हुन्छ । लोकभावना र कविताप्रतिभाबाट लोकगीतको आविष्कार हुन्छ ।'[७]

---

५ लक्ष्मण लोहनी, **रोदीघर,** (काठमाडौं : लोकगीत प्रकाशन मण्डल, २०१३), पृ. ८ ।

६ कालीभक्त पन्त, पूर्ववत् ।

७ राजेन्द्र सुवेदी र होम सुवेदी, **प्राथमिक र माध्यमिक नेपाली साहित्यको रूपरेखा**, (काठमाडौं : पाठ्यसामग्री प्रकाशन, २०५५), पृ. ८ ।

कृष्णप्रसाद पराजुलीका अनुसार 'लोकगीत कहिल्यै नसुक्ने नदीको पानीजस्तै प्रवाहशील छ ।'[८]

होमनाथ सापकोटा 'सिद्धार्थ' को विचारमा 'लोकगीत लेखिँदैन, सङ्कलन गरिन्छ, कुनै व्याकरणको बन्धनभित्र बाँधिएको हुँदैन ।'[९]

धर्मराज थापा र हंसपुरे सुवेदीका अनुसार –

> समसामयिकताको प्रसङ्गमा होस् वा आफ्नै भावुकतावश उद्गारित होस्, स्वच्छ र सहज आत्माबाट प्रस्फुटित कुनै पनि लोकको लय लोकगीत हो र यो समाजप्रति समर्पित हुनासाथ बेनामी बन्न पुग्छ अनि लोकसम्पत्तिका रूपमा देखिन्छ । यसमा हरेक प्राणीको हाँसो र आँसु, जीवनजगत्का भाव र समस्या, वियोग र पीडा आदि हार्दिक उद्बेगहरू निश्छलताका साथ आफ्नै रूपमा उद्घोषित भएका हुन्छन् ।[१०]

चूडामणि बन्धुका अनुसार – 'लोकगीत लोकजीवनको रागात्मक स्वत:स्फूर्त लयात्मक अभिव्यक्ति हो । यसमा लोकजीवनका दु:ख-सुख, हाँसो-आँसु, आशा–निराशा साथै लोकको चालचलन, विधिव्यवहार, आस्था र मान्यताहरूको चित्रण हुन्छ ।'[११]

मोहनराज शर्मा र खगेन्द्रप्रसाद लुइटेलका अनुसार – 'लोकभावना वा विचारको मौखिक एवम् श्रुतिपरम्पराद्वारा एकपुस्ताबाट अर्को पुस्तामा सर्दैजाने लयात्मक गेय अवैयक्तिक भाषिक संरचनालाई लोकगीत भनिन्छ ।'[१२]

यसरी विभिन्न विद्वान् एवम् विवेचकहरूले लोकगीतलाई परिभाषित गरी निष्कर्षमा पुग्ने प्रयत्न गरेका छन् । परिभाषागत निचोडबाट के निष्कर्ष निस्कन्छ भने लोकगीत उन्मुक्त गलाबाट स्वत: निस्रित अनुभूतिको हार्दिक र तीव्रताको उच्छ्वास हो । यसले सङ्गीतसँगको आफ्नो सम्बन्धलाई अधिकाधिक महत्त्व दिन्छ । लोकगीत परिस्कृत शैलीबाट टाढा र प्राकृतिक रूपमा जनजिब्रोबाट ध्वनित हुन्छ । लोकगीत मर्मस्पर्शी, दु:ख-सुखको साथी हो । लोकगीत असङ्ख्य भावधारामा प्रवाहित हुने हुनाले यसको स्वरूप निर्धारण गर्न कठिन हुन्छ ।

## २.३ लोकगीतका तत्त्व

कुनै पनि संरचना वा वस्तुको निर्मितिमा आवश्यक अवयवहरू (आन्तरिक/बाह्य) लाई त्यस संरचना वा वस्तुको तत्त्व मानिन्छ । लोकगीत पनि संरचनाप्राप्त एउटा रचना हो । लोकगीत रचनाका लागि आवश्यक आन्तरिक तथा बाह्य अवयव वा संरचक घटक आदिलाई लोकगीतका तत्त्व भनिन्छ । लोकगीतका निम्नलिखित तत्त्वहरू मानिएका छन् –

---

८ कृष्णप्रसाद पराजुली, **नेपाली लोकगीतको आलोक**, (काठमाडौं : वीणा प्रकाशन, २०५७), पृ. ६६ ।

९ होमनाथ सापकोटा 'सिद्धार्थ', *नेपाली लोकगीत परिचय विश्लेषण र मूल्याङ्कन,* **मारुनी**, सातौं फन्को, (नारायणगढ : नारायणी कलामन्दिर, २०५४), पृ. ३१ ।

१० धर्मराज थापा र हंसपुरे सुवेदी, **नेपाली लोकसाहित्यको विवेचना**, (काठमाडौं : त्रि.वि., पाठ्यविकास केन्द्र, २०४१), पृ. ४६ ।

११ चूडामणि बन्धु, **नेपाली लोकसाहित्य**, (काठमाडौं : एकता बुक्स, २०५८), पृ. ११५ ।

१२ मोहनराज शर्मा र खगेन्द्रप्रसाद लुइटेल, **लोकवार्ता विज्ञान र लोकसाहित्य**, (काठमाडौं : विद्यार्थी पुस्तक भण्डार, २०६३), पृ. ७४ ।

### २.३.१ भाव या विचार

लोकगीत भाषिक अभिव्यक्ति हो । भाषिक अभिव्यक्तिका रूपमा गीतको अर्न्तवस्तु यसको कथ्य हुन्छ । कथ्य वा मुख्य भाव आन्तरिक तत्त्व हो । कथ्यमा गीतको मूल भाव वा विचार निहित हुन्छ ।

### २.३.२ उद्देश्य

गायक वा रचनाकारले आफ्ना लोकगीतमार्फत मनका भाव, उद्‌गारहरूको प्रकटन गर्दछ । त्यसैले लोकगीत रचनाको उद्देश्य गायकको मर्म, मनका उद्‌गार, दुःख-सुखहरूका अनुभूतिको प्रकटन, यथार्थको प्रस्तुति, मनोरञ्जन, शिक्षा, संस्कार, धार्मिक, आर्थिक तथा श्रम परिहार आदि लोकगीत संरचनाका उद्देश्यहरू हुन्छन् । विनाप्रयोजन लोकगीत रचना हुँदैन । अतः उद्देश्य वा प्रयोजनलाई लोकगीतको आवश्यक तत्त्वका रूपमा लिइन्छ । यो आन्तरिक तत्त्व हो ।

### २.३.३ भाषा

लोकगीत प्रस्तुत गर्ने माध्यम भाषा हो । यो कथ्यभाषाबाट प्रस्फुटन हुन्छ र लोकअभिव्यक्तिका रूपमा प्रकट हुन्छ । लोकगीतमा स्थानीय भाषिका र झर्रा शब्दको प्रयोग आधिक्य हुन्छ । भावानुकूल सरल र सहज शब्दावलीको प्रयोग लोकगीतमा हुन्छ । लोकगीतमा सहज अनुप्रासमय लयात्मक भाषाको प्रयोग हुन्छ ।

### २.३.४ शैली

अभिव्यक्ति गर्ने ढङ्‌ग वा तरिका नै शैली हो । शैलीकै कारणबाट एउटा लोकगीत अर्को लोकगीतबाट भिन्न हुन्छ । कतिपय लोकगीतको भिन्न पहिचान भन्नु नै शैलीगत पहिचान हो । लोकगीतको शैली लयसंरचनासँग सम्बन्धित हुन्छ । अनुप्रास, पदावली तथा वाक्यगठन र कथानक संरचनाहरूका हिसाबले लोकगीतको भिन्नभिन्न शैलीको संरचना हुन्छ, जस्तैः देउसी, तीजेगीत, रत्यौली, चुट्का, भजन, घाँटुगीत आदि ।

### २.३.५ लय

लय लोकगीतको अनिवार्य तत्त्व हो । लयविना लोकगीतको कल्पना नै गर्न सकिँदैन । लोकगीत लयात्मक अभिव्यक्ति हो । लोकगीतमा लोकलय हुन्छ, छन्दका हिसाबले लोकछन्द प्रयोग हुन्छ । लोकगीतको लय बद्ध प्रकृतिको लय हो, तर यो शास्त्रीय लय होइन वा शास्त्रीय निमयबद्ध हुँदैन । यसमा विलम्बित्, द्रुत र द्रुतविलम्बित तीनै प्रकारका लय प्रयुक्त हुन्छन् ।

लोकगीत सामूहिक जीवनको अभिव्यक्ति हो तापनि यसमा ऐच्छिक रूपले पात्र, घटना, परिवेश आदि तत्त्वको प्रयोग हुन्छ । घाँटु, मारुनी, बालन आदिमा आख्यानतत्त्व प्रबल हुन्छ भने रोदी, झ्याउरे, तीजेगीतमा सङ्‌गीततत्त्व प्रबल हुन्छ । यसरी लोकगीतका प्रमुख तत्त्वमा भाव या विचार, उद्देश्य, भाषाशैली र लय पर्दछन् भने गौण तत्त्वमा पात्र, घटना, परिवेश, आख्यान, सङ्‌गीत आदि पर्दछन् ।

## २.४ लोकगीतका विशेषता

लोकगीतमा लोकजीवनका सुखदु:ख, आँसु-हाँसो, आशा–निराशाका साथै लोकको चालचलन, विधि-व्यवहार, आस्था र मान्यताको चित्रण हुन्छ । कुनै पनि देशको परम्परा, सांस्कृतिक मान्यता मौलिक सिर्जनाबाट पहिचान हुन्छ । लोकगीतमा तीव्रता, सरलता, मौलिकताका साथै लयात्मकता र स्वाभाविकताजस्ता गुण रहेका हुन्छन् । जीवनको प्रतिबिम्ब दिँदै जीवनलाई सत्यम्, शिवम् र सुन्दरम्का रूपमा हेर्न चाहनु लोकगीतको विशेषता हो । विद्वान्हरूले लोकगीतको विशेषतालाई निम्नलिखित किसिमले औँल्याएका छन् –

धर्मराज थापा र हंसपुरे सुवेदीका अनुसार लोकगीतका विशेषताहरू हुन्[१३] –

(क) गीतमा तीव्रता हुनु (लयालुपन हुनु)

(ख) सरल, सरस र प्रभाविलो अभिव्यक्ति तथा शब्दविन्यास हुनु

(ग) सार्वजनिक मौलिक सम्वेग हुनु

(घ) सूक्ष्म विश्लेषणको अपेक्षा प्रभावोत्पादक, स्थूल चित्रण हुनु

(ङ) कृत्रिमता (बनावटीपन) नहुनु

(च) स्थान र सामयिकताको छाप पाइनु

लोकगीतको विशेषतालाई केलाउँदै शम्भुप्रसाद कोइरालाले निम्नलिखित बुँदामा समेटेका छन्[१४] –

(क) श्रुतिस्मृति परम्परा

(ख) लयात्मक तीव्रता

(ग) स्वत:स्फूर्त प्राकृत अभिव्यक्ति

(घ) स्थान र सामयिकताको प्रभाव

(ङ) सरल एवम् स्वाभाविक गेयता

(च) प्रभावपूर्ण स्थूल चित्रण

यसरी नै मोहनराज शर्मा र खगेन्द्रप्रसाद लुइटेलले लोकगीतका विशेषतालाई यसरी सङ्केत गरेका छन्[१५] –

(क) रचनाकार र रचनाकाल अज्ञात,

(ख) मौखिक एवम् श्रुतिपरम्परामा आधारित,

(ग) सामूहिक अभिव्यक्ति,

(घ) परिवर्तनशील,

---

१३ धर्मराज थापा र हंसपुरे सुवेदी, पूर्ववत्, पृ. ८२ ।

१४ शम्भुप्रसाद कोइराला, पूर्ववत्, पृ. ३६ ।

१५ मोहनराज शर्मा र खगेन्द्रप्रसाद लुइटेल, पूर्ववत् ।

(ङ) सरल र सहज,

(च) लयात्मक र सङ्गीतात्मक,

(छ) स्थानीय पुनरावृत्ति,

(ज) मनोरञ्जनात्मक र उपदेशात्मक,

(झ) स्वच्छन्द प्रकृति,

(ञ) मर्मस्पर्शी र प्रभावकारी,

(ट) हार्दिकताको प्रधानता,

(ठ) लोकतत्त्वको प्रधानता,

(ड) भावगत एकोन्मुखता र

(ढ) प्रगीतात्मक

उपर्युक्त दुवैखाले सङ्केतमा प्रशस्त समानता भए पनि मोहनराज शर्मा र खगेन्द्र लुइटेलले सङ्केत गरेका विशेषताहरूमा बढी स्पष्टता रहेको छ ।

## २.५ लोकगीतको वर्गीकरण

लोकगीतलाई सङ्कलित गरी तिनका प्रकारलाई छुट्याउन सजिलो छैन । लोकगीतलाई वर्गीकरण गर्ने आधार धेरै छन् । यिनै आधारहरूलाई मानेर विभिन्न विद्वान्ले लोकगीतलाई वर्गीकरण गरेका छन् ।

कालीभक्त पन्तले लोकगीतलाई नौ वर्गमा विभाजित गरेका छन्[१६] –

(क) राष्ट्रभाषास्तरीय लोकगीत

(ख) जिल्लास्तरीय लोकगीत

(ग) ग्रामस्तरीय लोकगीत

(घ) जातिस्तरीय लोकगीत

(ङ) जातिभाषास्तरीय लोकगीत

(च) पर्वस्तरीय लोकगीत

(छ) लोकनाटकस्तरीय लोकगीत

(ज) कर्मस्तरीय लोकगीत

(झ) ऋतुस्तरीय लोकगीत

धर्मराज थापा र हंसपुरे सुवेदीले लोकगीतलाई सात वर्गमा वर्गीकरण गरेका छन्[१७] –

---

१६ कालीभक्त पन्त, पूर्ववत्, पृ. १० ।

१७ धर्मराज थापा र हंसपुरे सुवेदी, पूर्ववत्, पृ. ९४ ।

(क) सामान्य लोकगीत

(ख) संस्कार लोकगीत

(ग) ऋत वा ब्रतसम्बन्धी लोकगीत

(घ) कर्म लोकगीत

(ङ) पर्व लोकगीत

(च) लोकनृत्य वा नृत्यसम्बन्धी लोकगीत

(छ) विविध

कृष्णप्रसाद पराजुलीले लोकगीतलाई निम्नलिखित छ वर्गमा वर्गीकरण गरेका छन्[१८] –

(क) क्षेत्रका दृष्टिमा

(ख) जातीय दृष्टिमा

(ग) उमेर वा लिङ्गका दृष्टिमा

(घ) कर्मवस्थाका दृष्टिमा

(ङ) स्वरूपका दृष्टिमा

(च) प्रस्तुतिका दृष्टिमा

चूडामणि बन्धुले लोकगीतलाई सहभागिता, लय र भाका तथा प्रकार्यका आधारमा वर्गीकरण गरेका छन्[१९] –

(क) धार्मिक गीत

(ख) अनुष्ठानमूलक तथा संस्कार गीत

(ग) ऋतुगीत तथा पर्व गीत

(घ) श्रमगीत

यसैगरी मोहनराज शर्मा र खगेन्द्रप्रसाद लुइटेलले नेपाली लोकगीतलाई दस भागमा विभाजित गरेका छन्[२०] –

(क) क्षेत्रीय आधारमा

(ख) जातीय आधारमा

(ग) उमेरगत आधारमा

(घ) लिङ्गका आधारमा

(ङ) सहभागिताका आधारमा

---

१८ कृष्णप्रसाद पराजुली, पूर्ववत्, पृ. १४६–१४७ ।

१९ चूडामणि बन्धु, पूर्ववत्, पृ. ७९ ।

२० मोहनराज शर्मा र खगेन्द्रप्रसा लुइटेल, पूर्ववत्, पृ. ७९ ।

(च) बनोटका आधारमा

(छ) प्रस्तुतिका आधारमा

(ज) विषयका आधारमा

(झ) आकारगत आधारमा

(ञ) समयका आधारमा

यसरी विभिन्न विद्वान्हरूले लोकगीतलाई विभिन्न आधारमा वर्गीकरण गरेका छन् । नेपालको सन्दर्भमा लोकगीत नगाउने ठाउँ नै छैन । हिमाली बस्तीदेखि तराईका फाँटसम्म, मेचीदेखि महाकालीसम्म उमङ्ग र उत्साहका साथ गाइने लोकगीतको क्षेत्र विस्तृत रहेको छ । उपर्युक्त वर्गीकरणहरूलाई आधार मान्दा नेपाली लोकगीतलाई निम्नानुसार वर्गीकरण गर्न सकिन्छ –

(१) स्वरूपका आधारमा

(क) आख्यानयुक्त (विषय प्रधान र लामा आकारका)

(ख) आख्यानमुक्त (लघु आकारका)

(२) लिङ्गत आधारमा

(क) पुरुष (बालुन)

(ख) नारी (तीजे, रत्यौली)

(३) जातिगत आधारमा

(क) ब्राह्मण

(ख) गुरूङ, मगर

(ग) गाइने (कर्खा)

(४) उमेरगत आधारमा

(क) बालगीत

(ख) युवाअवस्थामा गाइने गीत (रोदी, झ्याउरे) आदि ।

(ग) वृद्धावस्थामा गाइने गीत (भजन, चुट्का) आदि ।

(५) प्रस्तुतिका आधारमा

(क) नृत्यरहित

(ख) नृत्य वाद्यसहित

(६) विषयवस्तुका आधारमा

(क) धार्मिक

(ख) ऐतिहासिक

(ग) पौराणिक

(घ) सांस्कृतिक

(७) रसभावका आधारमा

(क) शृङ्गाररस

(ख) करुणरस

(ग) शान्तरस

(८) समूहगत गायनका आधारमा

(क) एकल गायन

(ख) समूह गायन

(९) पर्व गीत

(क) देउसी, भैलो

(ख) तीजे

(१०) कर्म गीत

(क) असारे

(ख) दाइँ

(ग) रत्यौली

(११) संस्कार गीत

यसप्रकार स्वरूपगत, लिङ्गगत, जातिगत, उद्देश्यगत, प्रस्तुतिगत, विषयवस्तुगत, रसभावगत, समूहगत, पर्व, संस्कार र कर्मगत आदि आधारमा लोकगीतको वर्गीकरण गर्न सकिन्छ ।

## २.६ निष्कर्ष

लोकगीत लोकसाहित्यको एक विधा हो । मौखिक रूपमा एकबाट अर्कोमा हस्तान्तरित हुँदै लोकभाकाहरूमा लोकगीत जीवन्त बनेका छन् । पुस्तान्तर हुने क्रममा कतिपय लोकगीतहरू पछिसम्म पनि प्रचलनमा रहेका पाइन्छन् भने कतिपय गीतहरू लोप हुने स्थितिमा पनि छन् । नदीजस्तै अविरल रूपमा स्वच्छन्द रूपले बग्ने लयात्मक अभिव्यक्तिका रूपमा लोकगीतहरू निरन्तर गतिशील हुन्छन् । मानव मस्तिष्कलाई झट्टै छुन सक्ने सबैका लागि उत्तिकै लोकप्रिय र ग्रहणीय गीत लोकको साझा सम्पत्ति हो ।

भाव, उद्देश्य, भाषा, शैली र लय लोकगीतका प्रमुख रचनात्मक तत्त्व हुन् । सङ्गीत, पात्र, घटना, परिवेश आदि यसका गौण तत्त्व हुन् । लोकगीतलाई जातिगत, लिङ्गगत, उमेरगत, सामूहिक, एकल, विषयवस्तुगत, प्रस्तुतिगत, रसभावगत, पर्व, कर्म र संस्कारगत, आख्यानात्मकता आदि विविध आधारमा वर्गीकरण गरिन्छ । कथ्य विषयका आधारमा गरिने वर्गीकरण बढी उपयोगी ठहर्छ ।

# तेस्रो परिच्छेद

# तनहुँ धरमपानीको गुरुङ समाजमा प्रचलित नेपाली लोकगीतको सङ्कलन र वर्गीकरण

## ३.१ तनहुँ धरमपानीको गुरुङ समाजमा प्रचलित नेपाली लोकगीतको सङ्कलन

तनहुँ धरमपानीको कुल जनसङ्ख्या ३,९१४ रहेको छ । यसमध्ये गुरुङइतर जाति (ब्राह्मण, क्षेत्री, मगर, नेवार, कामी, दमाई, सार्की) को सङ्ख्या ७२० छ र गुरुङ जातिको सङ्ख्या ३,१९४ छ । यहाँ गुरुङ जातिमा प्रचलित नेपाली लोकगीतको मात्र सङ्कलन गरिएको छ ।[1]

### ३.१.१ संस्कार गीत

जन्मदेखि मृत्युपर्यन्त सम्पन्न गरिने विभिन्न सांस्कारिक अनुष्ठानका अवसरमा गाइने गीतलाई संस्कार गीत भनिन्छ । धरमपानी क्षेत्रमा संस्कार लोकगीतका रूपमा प्रचलित रत्यौली गीत यहाँ सङ्कलित छ ।

#### ३.१.१.१ रत्यौली गीत

(१) सुनेली छाता किनिद्यौ बाबै घामको बियाँलो
जानेर गा'को होइन गीत दिन काट्ने बियाँलो ।
होऽऽ मेरी राज्यै होऽऽ सुनेली छाता
तिमरो छाता नक्कली रै'छ ब्या' गर्न मान्दैन ।

(२) आजर मैले घाँसै र काट्यो बारीको गिँदरी
मुखिया बा मागन आयो छेकन तन्नेरी ।
होऽऽ मेरी राज्यै होऽऽ सुनेली नौगेडी
तिमरो सुन त पित्तल रै'छ ब्या' गर्न मान्दैन ।

(३) माझीमा दाइ थकाइ मार्‍यो सेतीको किनार
बाटुलो टीका टल्कने मोहर झल्काउँछ निधार ।
होऽऽ मेरी राज्यै होऽऽ सुनेली बालै
तिमरो थाल सिल्टी पो रै'छ व्या' गर्न मान्दैन ।

स्रोत : बिर्खमायाँ गुरुङ, धरमपानी–४, तनहुँ

---

१ स्रोत : राष्ट्रिय जनगणना २०५८, जि.वि.स. तनहुँ ।

## ३.१.२ **श्रमगीत**

श्रम जीवनयापनको अभिन्न अङ्ग हो । श्रमजीवी कृषकहरू आफ्नो काम गरी दु:खलाई बिर्सन एकछिन सुस्ताउन गीत गाउँछन् । तनहुँ धरमपानीमा प्रचलित श्रमगीतमा असारेगीत पनि एक हो, जसको नमुना यस्तो छ –

### ३.१.२.१ **असारेगीत**

असारे रोपाइँ दबदबे हिलो छि ! मलाई घिन लाग्यो
पातली नानीलाई फरिया किन्दा छ बीस रिन लाग्यो ।
जनम् दिने भगुवान् ईश्वर, जाल बुन्ने माकुरा
एक रै माना खान नै पाउँला, चलाई पाखुरा
असारै मासा चिप्लो र चाप्लो काम गर्न हतारो
रोपाइँमा जाँदा ढाड दुख्छ आमै भिकिद्यौ पेटारो
छुपुमाछुपु खेतमा रोपौँ हातमा बीउ छन्जेल
दु:ख नै गरी मीठो नै खाम्ला हजुरको ज्यू छन्जेल
असारमा खाने दुधिलो मकै साउनमा खाने खिर
घरमा छैन शीतलु बचन मनमा छैन थिर ।

स्रोत : कम्स्यो गुरुङ, वर्ष ४५, धरमपानी–४, ग्याजाटार, तनहुँ

### ३.१.२.२ **साउनेगीत**

श्रावण महिनामा काम गर्दा गाइने गीत भएकाले यस्ता गीतलाई साउने गीत भनिएको हो । कोदो गोड्दा, धान गोड्दा स्थानीय क्षेत्रमा गाइने गीतलाई साउने गीत भनिन्छ ।

**(क) भीरमा लर्क्यो खर**

कति गरम् उकाली–ओराली
ज्यान सुकेर भैसक्यो मुरली
भीरमा लरक्यो खर, जाँ लान्छ कर्मले उहीँ हो
मेरो घर

टुक्का : आज मैले अचम्मै देख्यो रूखमाथि रूखै छ
जतामा जान्छु दु:खीको छोरा दु:खको दु:खै छ
कति गरम उँदो र उँभो
पाइन मैले बीचको फूल थुँगो । भीरमा लर्क्यो ...

टुक्का : दु:खीको काँधमा हलो र जुवा धार्नीको कोदाली
कर्ममा लेख्यो जीवनमा सधैँ उकाली–ओराली
यो जीवनमा पीरको भारी
पाइन मैले बिसाउने चौतारी
भीरमा लर्क्यो खर ...

स्रोत : सन्सरी गुरुङ, वर्ष ६०, धरमपानी–४, तनहुँ

**(ख) आज मैले क्या गऱ्यो**

आज मैले क्या गऱ्यो कपाल मात्र कोर्न्या
फट्याङ्ग्राले हलो जोत्यो झिङ्गा डल्ला फोर्न्या
कमिलाले कमिज लाइच, फट्याङ्ग्राले चुरुटै सल्काइछ ।
हिमालचुली पल्लापट्टी दुम्सी लुक्ने दुलो
बल्लतल्ल पा'को छोरो टाउको मात्रै ठूलो
घर त मेरा पातीले बारेको, त्यसमाथि नि मुसाले दारेको
खुरुखुरु भुकुरी त्यो पँधेरामा जान्छे
डोको मात्रै हिँडिरन्छ देखिँदैन मान्छे
यो मनमा पीर पऱ्यो कत्रो, ज्यान सुकेर सिमलको फँद जत्रो

### ३.१.२.३ दाइँगीत/दँयरेगीत

दाइँगीत धान भित्र्याउन पाउने खुसियालीमा गाइन्छ । यो गीत दँयेँरे, मियो, धानपराल, गोरु, सिमलचरी, भूमेदेवता आदिसँग सम्बन्धित छ । तनहुँ धरमपानीमा प्रचलित दाइँगीत यस्तो छ –

होऽऽ बरदो होऽऽ ह ।
माली गाईको बाच्छो बरदो तारी गाईको नाति
हिँड्न लाग्यो मेरो भाइ बरदो धान परालमाथि

होऽऽ बरदो होऽऽ ह ।
मेरो बरदको लामालामा कान
लेऊ भूमिराजा खलाभरी धान

होऽऽ बरदो होऽऽ ह ।

मियाको टुप्पामा बसिहाल्यो कोइली

आजका दँयारेहरूलाई घिउको चोइली

खलाको माझमा सिमलको मुनु

माढ भइ बरदो खलाको छेउ कुनु

होऽऽ बरदो होऽऽ ह ।

पुच्छरले बढार भाइ बरदो कानले बचाऊ

खुरले माढ भाइ हो जुरोले बोक

होऽऽ बरदो होऽऽ ह ।

असी मुरी झरुवा बाह्र बीस रास

चम्पा फूल फुल्यो लङ्का पुग्यो बास

होऽऽ बरदो होऽऽ ह ।

स्रोत : लालबहादुर गुरुङ, वर्ष ६२, धरमपानी–९

## ३.१.३ पर्वगीत

विभिन्न चाडपर्वका अवसरमा गाइने गीतलाई पर्वगीत भनिन्छ, जस्तैः फागु, तीजे, भैलो, देउसी आदि ।

### ३.१.३.१ भैली/भैलो

भैलो तिहारको औँसी वा लक्ष्मीपूजाको दिनमा महिला तथा पुरुषहरूद्वारा गाइने पर्वगीत हो । धरमपानी क्षेत्रमा प्रचलित भैलो गीतको नमुना यस्तो छ –

भैलिनी आइन् आँगन, औँसीको दान मागन,

हेऽऽ औँसी बार, गाईतिहार भैलो ।

हामी त्यसै आएनौँ, बलीराजाले पठाए,

हेऽऽ औँसी बार, गाईतिहार भैलो ।

आयो जोगी आँगन, औँसीको दान मागन,

हेऽऽ औँसी बार, गाईतिहार भैलो ।

हरियो गोबरले लिपेको, लक्ष्मी पूजा गरेको,

हेऽऽ औँसी बार, गाईतिहार भैलो ।
कात्तिक मासको शीतै हो, भैली खेल्ने रितै हो
हेऽऽ औँसी बार, गाईतिहार भैलो ।
जसले दिन्छ मुरी, उसको सुनको धुरी
जसले दिन्छ पाथी, उसको सुनको छाती
जसले दिन्छ मानो, उसको सुनको छानो
जसले दिन्छ मुठी, उसको सुनको गुठी
हेऽऽ औँसी बार, गाईतिहार भैलो ।
घरघर बत्ती बालेर, मनको मैलो फालेर
इष्टमित्र डाके है, सेलरोटी पाके है
हेऽऽ औँसी बार, गाईतिहार भैलो ।
माटो छुँदा अन्न होस्, ढुङ्गा छुँदा द्रव्य होस्
हेऽऽ औँसी बार, गाईतिहार भैलो ।
भैलिनीले भनेको पुगोस्, हिँड्दाडुल्दा टाउको नि नदुखोस् ।

स्रोत : धनमाया गुरुङ, धरमपानी–५, वर्ष ५५

### ३.१.३.२ देउसी ⁄ द्यौसी

देउसी तिहारको अवसरमा गाइने पर्वगीत हो । लक्ष्मीपूजाको भोलिपल्ट गोरु तिहार वा गाईतिहारको दिन साँझपख देउसी खेल्न थालिन्छ । यो वाद्यवादनसहित र वाद्यवादनरहित दुवै रूपबाट गाइने समूहगीत हो । तनहुँ धरमपानी क्षेत्रमा प्रचलित देउसी गीत यस्तो छ –

ए है, भनभन भाइ हो – देउसी रे
ए है, झिलिमिली, झिलिमिली – देउसी रे
ए है, के को झिलिमिली – देउसी रे
ए है, बत्तीको झिलिमिली – देउसी रे
ए है, फूलको झिलिमिली – देउसी रे
ए है, वर्ष रै दिनको – देउसी रे
ए है, चाड नै ठूलो – देउसी रे
ए है, हामी त्यसै – देउसी रे
ए है, आएका होइनौँ – देउसी रे
ए है, बली राजाले – देउसी रे

ए है, पठाइ आयौँ – देउसी रे

ए है, एक घर हैन – देउसी रे

ए है, सबैका घरमा – देउसी रे

ए है, पुग्नु नै पर्छ – देउसी रे

आयौँ हामी घर दैलो, दैलोमा, शीतको थोपा उवाउँदै घैलोमा ।[३]

ए है, यो घरको – देउसी रे

ए है, आँगनै ठूलो – देउसी रे

ए है, यो घरकी आमा – देउसी रे

ए है, लछिन्की रैछन् – देउसी रे

ए है, नाङ्लोमा धान – देउसी रे

ए है, धानमाथि थाल – देउसी रे

ए है, थालमा चामल – देउसी रे

ए है, चामलमा दियो – देउसी रे

दसैँ गयो लिङ्गे पिङ खेलेर, तिहार आयो फूलमाला उनेर

ए है, यो घरका – देउसी रे

ए है, मुखिया बाको – देउसी रे

ए है, इज्यतै ठूलो – देउसी रे

ए है, ठूलै आश लाग्यो – देउसी रे

देउसी भनौँ सबै भाइ मिलेर, आउँछ हात्ती नाङ्लोमा चढेर

ए है, यो घरमा – देउसी रे

ए है, लक्ष्मले – देउसी रे

ए है, बासै गरुन् – देउसी रे

ए है, नमरी बाँचे – देउसी रे

ए है, कालले साँचे – देउसी रे

ए है, आघौँ साल – देउसी रे

ए है, भेटै होला – देउसी रे

थालमा अक्षतापाती, बिदावारी भएर जाउँ साथी ।३

हजुरले भनेको पुगोस्, हिँड्दाडुल्दा टाउको नि नदुखोस् ।

स्रोत : चूरबहादुर गुरुङ, वर्ष ६१, धरमपानी–४

## ३.१.४ सदाकालिक वा बाह्रमासे गीत

मनले गाउन चाहेपछि लोकका गलाबाट जतिबेला पनि स्वतः स्फुरित हुने गीतहरू यसअन्तर्गत पर्दछन् । सदाकालिक लोकगीतलाई गाउन कुनै विशेष अवसर नपर्खी जुनसुकै बेला गाइने हुँदा तिनलाई सामान्य गीत पनि भनिन्छ । सामान्य गीतको अर्थ साधारण वा मामुली गीत नभई जहाँ र जतिखेर पनि प्रस्तुत गर्न सकिने गीत हो । यसअन्तर्गत तनहुँ धरमपानीमा झ्याउरे, रोइला, हो, राज्यै पियारी, रोदी गीत, तालपानीको छेउ आदि पर्दछन् ।

### ३.१.४.१ रोइला

यो वाद्यनृत्य समूह गीत हो । यसमा केटा र केटीबीच दोहोरी रूपमा र केटा वा केटी मात्रै एकल रूपमा गाउन पनि सकिन्छ । तनहुँ धरमपानीमा प्रचलित रोइला गीत यस्तो छ –

केटा : सलामी दिएँ मैले, खालमा बसी हेर्नेलाई
रातो कर्मु बर्नेलाई

केटी : को पो बस्या रै'छ, ढाका टोपी ढल्काउँदै
यतै आँखा फर्काउँदै

केटा : उही पुरानु माया साँ
हुँदो रै'छ भेट, आउने जाने गरे त

केटी : के को माया लाउँथ्यो, धनी बाउको छोराले
कालासित गोराले ।

केटा : माया लाउन हुन्थ्यो, काली रै'छौ कौवाझैँ
अल्की रै'छौ टौवाझैँ

केटी : के को मायाँ लाउँथ्यो, गुन नभा'को खुनीले
धेरै माया हुनीले

केटा : नसमझे नरोए, मै समझुँला, मै रुँला
पागल भए मै हुँला ।

### ३.१.४.२ हो, राज्यै पियारी

यो गीत धरमपानीलगायत यस क्षेत्रका आसपासमा पनि गाइन्छ । यो गीत गुरुङ समाजमा मात्र नभई अन्य जातिले पनि महिला तथा पुरुषहरू मिली समूहमा गाउँछन् । महिलाले पुरुषबाट सुरु गरिएको टुक्का गीतलाई छोप्नुपर्छ । यो वाद्यनृत्य गीत हो ।

(१) केटा : हाऽऽ सानोमा सानो बाँदरै नानी
केटी : सानोमा सानो बाँदरै नानी ।

संयुक्त : हो, राज्यै पियारी भीरमा खुरमुरु[२]
केटा : हाऽऽ यो पञ्चैखाल छायो देखे माया लाग्यो
केटी : यो पञ्चै खाल छायो देखे माया लायो
संयुक्त : हो राज्यै, पियारी मन भयो धुरमुरु[२]
केटा : हाऽऽ उँभो है जाने गुरुङ दाइले
केटी : केटी उँभो है जाने गुरुङ दाइले
हो राज्यै, पियारी पानीलाई क्यु भन्छ
संयुक्त : हो, राज्यै पियारी पानीलाई क्यु भन्छ[२]
केटा : हाऽऽ लौ कम्मर कसी, यो पञ्च खालमा बसी
केटी : लौ कम्मर कसी, यो पञ्च खालमा बसी
केटा : दाम पैसा गनी, मायाजाल भनी
केटी : दाम पैसा गनी, मायाजाल भनी
हाऽऽ हो राज्यै, पियारी बूढी पो ज्यू भन्छ
संयुक्त : हो राज्यै, पियारी बूढी पो ज्यू भन्छ[२]

(३) केटा : हाऽऽ सबैले मलाई नक्कले भन्छ
केटी : सबैले मलाई नक्कले भन्छ
संयुक्त : हो राज्यै, पियारी लाउँदैन फूल पनि[२]
केटा : हाऽऽ हलगोरु दायो, आजै र भेट भयो
केटी : हलगोरु दायो, आजै भेट भयो
केटा : हाऽऽ लौ कम्मर कसी, यो खालैमा बसी
केटी : हाऽऽ हो राज्यै, पियारी देखेथ्यो सपनी
संयुक्त : हो राज्यै, पियारी देखेथ्यो सपनी[२]

(४) केटा : हाऽऽ घुमाइमा घुमाइ छतरी बुन्यो
केटी : हाऽऽ घुमाइमा घुमाइ छतरी बुन्यो
संयुक्त : हो राज्यै, पियारी पूर्वेली कसाइले
केटा : हाऽऽ ढाकालाई त यो, ऐल्यै यस्तै भयो
केटी : ढाकालाई त यो, ऐले यस्तै भयो
हो, राज्यै पियारी लाउ मायाँ रसैले
संयुक्त : हो राज्यै, पियारी लाउमायाँ रसैले[२]

स्रोत : जखुलाल गुरुङ, वर्ष ५१, धरमपानी–४

### ३.१.४.३ **रोदीगीत**

दिनभर काम गरेर थकाइ मार्नका लागि बेलुका खाना खाएर गाउँका ठिटाठिटीहरूले गाउँको बीचमा वा छेउछाउको कुनै घरआँगनमा बसेर गाउने गीत रोदीगीत हो । यस्ता गीतहरू जुनसुकै लय वा भाकामा हुन्छन् । तनहुँ धरमपानीमा गाइने रोदीको नमुना यस्तो छ –

केटा : सिसाकलम के भनी बोलाम, छेल परी बसेको मायाँलाई ?

केटी : उही पुरानु मायाँ साँ भेट, हुँदो रै'छ नमरी बाँचे त ।

केटा : किन माया भनेको त्यसो, कहिलेकाहीँ पर्ला नि जो मेसो ?

केटी : आफ्नै मायाँ हो रै'छ बरा, नचिनेसि केलाग्दो रै'छ र !

केटा : आफ्नो माया भनेर चिन, बाटो काटी छोडेर नहिँड ।

केटी : यो कुरा त तिम्ले नि चिन, तिम्लाई छाडी कैँ जान सक्तिनँ ।

केटा : यो मायालाई बिर्सुंला काँ पुगी, हिउँको हिमाल मर्स्याङ्दी नसुकी ।

केटी : कलेजीमा भिजेको माया, हुन दिन्न दुई दिनको रामछायाँ ।

केटा : गाउँका घर बेसीमा कटेरा, कुन्नि माया लाग्दैन पतेर ।

केटी : सुन माया मेरै भर पर, अन्त माया लाउने काम नगर ।

स्रोत : रिमबहादुर गुरुङ, सोमबहादुर गुरुङ,
पञ्चमाया गुरुङ, सुमा गुरुङद्वारा गाइएको ।

### ३.१.४.४ **तालपानीको छेउ**

(१) केटा : कति राम्रो फूल फुल्या रै'छ, टिपौँ भने अर्काको बगैँ
तालपानीको छेउ, छेउछेउमा बसेर माया लाउन देऊ

केटी : यो कलिमा के आयो रीत, बूढो गोरु कोरली गाईसित
तालपानीको छेउ ...

केटा : तिम्रो पनि अनुहार त थोत्रै हो, लाली पाउडर लाएर मात्रै हो
तालपानीको छेउ ...

केटी : अगुल्टाले डामेको सम्झँदा, सातो जान्छ बिजुली चम्कँदा
तालपानीको छेउ ...

केटा : खा'को रै'छ मायाले धोका, तुलो राखी तौलन नखोज
तालपानीको छेउ ...

केटी : तिमी रै'छौ मायाको सिखारी, बस्छौँ हामी माइतीघर सियारी
तालपानीको छेउ ...

स्रोत : (वर्ष १८–३०) हर्क गुरुङ, शुक्र गुरुङ, आइती गुरुङ, फूलमायाँ गुरुङ ।

### ३.१.४.५ चुट्का/कौरा

तनहुँ धरमपानीका गुरुङ समाजमा सबैभन्दा लोकप्रिय गीत चुट्का/कौरा हो । विशेष गरेर चण्डिपूर्णिमाको दिनबाट गाउने भए तापनि श्रीपञ्चमीदेखि साउने सङ्क्रान्तिसम्म चुट्का गीत गाइन्छ । यो समूह वाद्यनृत्य गीत हो । सुरुमा देवीदेवताको आराधनाबाट सुरु गरिन्छ । यसको लयमा विविधता छ । यस क्षेत्रमा प्रचलित छुट्टाछुट्टै लयका गीतहरू यहाँ प्रस्तुत गरिएको छ ।

**(क) सामान्य चुट्का/कौरा**

(१) पैलेको चराना, हामुलाई रक्षा गरन

(२) दोस रै चराना देउदेउताको सराना

(३) यसै गाउँको कुन छ ठूलो देवता
उही देवताको पर्छौं सराना

(४) चारै दिशा बाचा बन्धन
पुरवै पश्चिम, उत्तरै दक्षिण
चारै दिशा बाचा बन्धन

(५) सबै माया सञ्चै होला नि
आजको दिनैमा, भेट भयो गोल्या नि
सबै मायाँ सञ्चै होला नि

(६) भेटै भयो सलाम सिरैमा,
हुन्न कि भेट भनेर, यो मन थियो पीरैमा
भेटै भयो सलाम सिरैमा

(७) कुन चाबीले खुल्छ बाकस
नानीको जोवान पाउन, साह्रै भयो सकस
कुन चाबीले खुल्छ बाकस

(८) ज्यान सुकेर भयो मुरली
यो नानीलाई भनेर, धरमपानी ओराली

(९) छोडी जानु मैले कसोरी
यो नानीको सिरैमा मखमली पछ्यौरी
छाडी जानु मैले कसोरी

**(ख) तीनतले भाकाको चुट्का**

यस किसिमको चुट्का सामान्य चुट्कासँगै बीचबीचमा मिसाएर गाउने चलन पनि छ । खैँजडीको ताल ढिलो, छिटो र सामान्य तीन चरण पुऱ्याएर गाइने हुँदा यस किसिमको चुट्का गीतलाई स्थानीय गुरुङहरू तीनतले भाका भन्दछन् ।

धानको बाला हरियो भयो
हेर न मायालु कदमको छायाले
घुम्दछ मौरी रसका लागि
हा ... म घुम्छु मायाले

यो तीनतले भाकाको एक चरणको गीत हो । यसलाई तीनपटकसम्म ढिलो, छिटो र अन्तमा ढिलो गरेर टुङ्ग्याइन्छ । यस गीतमा नाच र गायन अन्य चुट्काभन्दा आकर्षक देखिन्छ ।

**(ग) सरर**

(अ) सरर – भनेर गाउने चुट्का
सरर सरर आयौँ हामी माया भेटन
धेरै दिन भो घुमेको, मनको तिर्खा मेटन
सरर सरर आयौँ हामी माया भेटन ।

(आ) सरर सरर फूलको जवानी
पञ्चै खालमा बसेर, मायाँ लगाउँ नानी
सरर सरर रै'छ तिम्रो फूलको जवानी

स्रोत : शुकबहादुर गुरुङ, धरमपानी–४, वर्ष ५५

### ३.१.४.६ **सालै जो**

सालै जो भाका वर्तमान अवस्थामा तनहुँ धरमपानीमा प्राय: लोपोन्मुख अवस्थामा छ । यो गीत गाउन महिला-पुरुष दुवैको संलग्नता हुनुपर्छ र बीचबीचमा अर्को लयको गीत मिसाएर वाद्यवादनसहित गाइन्छ ।

(१) हा ... हातैमा लिउँला बाबियो मुठा
हा ... सालै जो बाटुँला रसोरी
(केटी हा ... बाटुला रसोरी)

मायालुसित बल्ल भेट भयो, मै बोलुँ कसोरी ?
(केटी हा ... मै बोलुँ कसोरी ?)
मादलु बजेको सुनेर, आएँ म त झ्यालढोका थुनेर ।

(२) केटा : हा ... अँधेरी खोला बँयार पाक्यो
सालै जो चरिले चाखेको
(केटी – सालै जो चरीले चाखेको)
गीत मैले जानेको छेन, सालै जो बचन राखेको
(केटी – हा ... बचनै राखेको)
संयुक्त : हाँसेर बोलेको राम्रो, मरिजाने जिन्दगी हो हाम्रो ।

(३) हा ... कोही भने सुखी, कोही भने दु:खी
सालै जो ईश्वरको रचना
हा ... मैलो र धुने साबुन पानी सालै जो मन धुने बचन
संयुक्त : मायालुलाई सम्झन्छु छिनघरि, आङमा सूर्य लाग्दैन दिनभरि

स्रोत : मनबहादुर गुरुङ, वर्ष ५०, देउराली–३

## ३.१.५ लामा गाथायुक्त लोकगीत

आयाम वा संरचनाका दृष्टिले आख्यानयुक्त लोकगीतहरू लामा लोकगीतमा पर्दछन् । यस्ता गीतहरू गीत, सङ्गीत र नृत्यसहित प्रस्तुत गरिन्छन् । यसअन्तर्गत घाटु र मारुनी गीत पर्दछन् ।

### ३.१.५.१ घाटु (सतीघाटु)

तनहुँ धरमपानीका गुरुङ समाजमा पर्वगीतको रूपमा सतीघाटु स्थापित छ । हरेक वर्षको चण्डिपूर्णिमाबाट सुरु गरेर लगातार तीन दिनसम्म नचाएर यो गीतको अन्त्य गरिन्छ । यदि यसै दिन गाउने अवस्था सिर्जना नभएमा (छेकथुन भएमा) पछाडि सारिन्छ । यस क्षेत्रमा प्रचलित सती घाटु यस्तो छ –

**आराधना**

लिपन हो रे माइजु लिप
मालीगाईको गोबरले लिपैला
चोखे सातै जमुनाको पानीले लिपैला
हिमैचुली देवता, बरैचुली देवता
आजको दिन कन्या चेलीको आङमै चढैला

**मण्डप चोखो पार्ने काम**

छर हो रे माया रानी

चन्दन छरैला

श्रीखण्ड घोटीघोटी चढैला

उठ हो रे माया रानी

सुनै रानी उठैला

धरती मातालाई गुहारैला

चन्द्रसूर्यलाई गुहारैला

जानी खेल्यो, नजानी खेल्यो गुरुज्यू

हमरा अफै सारा माफ गुरु बक्सैला

**फूल टिप्ने काम**

फूल फुल्यो घाटु सारी फूल फुली गैला

बाह्रमासे, पाती फूल फुली गैला

भैचम्फा, दारमी पलाँसे फूल

सयपत्री, लालुपाते ढकमक भैल

वारि डाँडा, धाँयारी, पारि डाँडा धाँयरी

धाँयारीको लालैले भुली रह्याली

पुरवै माइजुले बुन्यो ढकियो

टिपिल्याऊ फूल रानी टिपैला

खेल हो रे माया रानी खेलैल

चारै दिशाका सुनरानी माया रानी

खेल खेलैला

**धानको बीउ राख्ने**

बाबैज्यूको साम्फै सेली धान

बीबै राख

मार्सी धानको बीबै राखैल

राजाज्यूको चाँपै सरो खेत रोपैला

गाँवै डुल्ने कटुवालको

हली, बाउसे, खेताला बोलाई लेऊ

गामै खेल्ने रोपारे नानी
खेताला बोलाई लेऊ
हारी गावा मिलाई रोप रानीज्यू
रोप हो रे चेली
बाबाज्यूको गैरीखेत रोपैला

**हिलो धुने र खाजा खाने काम**

धोयो हो रे चेली आफ्नै हिला
धारैको पानी कुवैको पानी धोवैला
धोयो हो रे चुलठी धोयो हो रे
झिनय सुतले बाँधैला
आजको दिन पाहुना
जेठाबाबै घर साँझै खाजा खायो नि
झिनीवाय मोरिजन खावैला
रुदुराय तरकारी खावैल

**नदी जाल हाल्ने काम**

खोज हो रे माइज्यू खोजैल
आफ्नै जालीमा खोजैला
आफ्नै जाली हातमै लेऊ माइज्यू
धाव हो रे माइज्यू धावैल
नदीको बीचबीच जालीवानै खेल
ओहरी दोहरी जालीवानै खेल
जालीवानै खेलीखेली फुट्यो दुवाली
माझै मेनमा जालीवानै खेल
हामरो जालीवान मछली पऱ्यो
मछली बेचन गइजाउ माइज्यू
मछली बेचैला
मछली मोल गहना झल्क्यो
टीकिया झल्क्यो
कानै सुहायो बिटिया लालै पऱ्यो

**सिकार खण्ड**

खोज हो रे माइज्यू खोजैल
आफनय धनु खोजैल
अफनय धनु हातैमा लेऊ
राजैज्यूको कुकुर सुनै पहिऱ्याऊ
सिकार बगाल फौजै चल्यो
कालीको लेख, हिउँचुली, बटैचुली
हरिणै घेरी सिकारै खेल
मधुवेनी डाँडैडाँडा हरिणै झार
हरिणै उठी राज्यैज्यूको फूलबारीमा
हरिणै पस्यो माइज्यू
राजैज्यूको फूलबारी छेकी थुनी
हरिणै मार
हरिणै मारी गैरुघाटा देऊ (हतियारलाई चढाउने)
कानैखुर काटीकाटी पालै पकुवान खायोनी
एकै खुट्टा भाँची गैल
तीनै खुट्टा टेकी
बृन्दावन जागैला
एकै काँध धनु लिई
सिकार चलो भइया
राजैज्यूको दरबारै चलो भइया
हमारै सिकार दिई बुझाउला
राजैज्यूको पटाङ्गिनीमा
घोडा दुवाल्दै जाऊ
कदमै डाली भाँची दियानी
मुखियाको माहुलमै बाँधैल
भोकै लाग्यो घोडा, तिर्खा लाग्यो घोडा
मासै दाना दियानी
राजैज्यूको दरिबारै पुगैला
राजीज्यूमा मोरिजन खावैला

**विवाह खण्ड**

चलिजाऊ भैया चलिजावैला
परिवत मैदान चली जावैल
श्रीराम गङ्गा, भागिरथी गङ्गा, घाटैघाट जावैल
बलराम पुरमा पुगैल
पानै सुपारी झिँगीमा झिँगी
डुल्यो मधेश
सुनै खानी हटिया पुगैल
भलाभला कपडा झिकन माइजू
जाँचीमा लेऊ परिवते जाँचीमा लेऊ
मखैमल खासा सिवैला
झारीवावे पगरी गोलीगाँठ सुरुवाल धोयो
धोया हो रे धोवेनी सुकाउ हो रे सुवेनी
गोली पाट सुरुवाल सुकावैल
हेर हो रे जैशीज्यू हेरैला
लगानका दिन हेरैला
खटियामा बस हो रे जैशीज्यू
हमारै चेलीको लगान जुरैला
आजुको दिन चेलीको लगान जुरैला
दस-बीस जन्ती बोलाई लेऊ
राजैज्यूको वियामा बोलाई लेऊ
आजुर दिन राजैजउ बरियातै चलैला
बरियाँत अघिअघि बत्तीसै बाजा बझैला
आजुको दिन बरियातै चलैला
दस-बीस जन्ती आवैल
बरियाँत छत्तीसै वर्णको जात
बरियाँत अघिअघि
चिनिया चामर डोलाईडोलाईले
कलसेनीको शिरैमा जोरै कलश जुझैला
रानी जिउको पटाङ्गिनीमा पुगैला

रानी जिउमा मोरिजनै खावैल

राज्यैज्यूमा डोली भरैल

हमारै कन्या धुरुक्कै रोयानी

ढकनी खोली राज्यैज्यू एकफेरा हेऱ्यानि

रानीज्यू धुरुक्कै रोयानि

दस-बीस जन्ती फरकी आयल

पलाङ्गी खटियामा बिछ्याऊ गुँदरी

राजै र रानी सुतैल

पलाङ्गी खटियामा सुकलै भयो

मैनबत्ती रानी, मायावती रानी गर्भ रह्यो

एकै मासे, दुवै मास गरम रह्यो

तीनै र मास, चारै मास गरम रह्यो

सातै मास, आठै मास गरम रह्यो

नवै मास दसै र महिना जनम भयो

बालकृष्ण राजा पैदा भयो

आफना माइती मामा हर्षितै भयो

सुनै स्याँगी लेउ भैया

नालै बेढाइ दे

सुनखेरी स्यागिँयाले नालै काटैल

हमरा राज्यैज्यू पुत्र नुहाइधुवाइले

हरमा हर बालियाकृष्ण नुहाइ

हर्षितका पुत्र काखै लेवोन

ओकली र पोलकी दुधै पिउन दे

बालकृष्ण राजा चौखुण्डे पिँढीयामा बसैला

सुत्केरी रानी मोरिजन खावैल

आजुको दिनमा जाठा बाबै घर खाजा खायानी

आजुको दिनमा माइला बाबै घर खाजा खायानी

आजुको दिनमा कान्छा बाबै घर खाजा खायानी

आजुको दिनमा फुपू घर खाजा खायानी

**सतीखण्ड**

खोज हो रे माइजु आफ्नै जमुधारा खोजैल
आफ्नै जमुधारा हातमै लिवैला
आफ्नै मोरिजन खायानी
काखै च्याप भुजेली पिठे पट्टी ढाल
हामी त जान्छ बाहिरी मुलुक
बाबै बोल्यो आमैले भन्यो नजाऊ बाहिरी मुलुक
जानीमा थुन्यो, नजानी थुन्यो
हामी त जान्छ बाहिरी मुलुक
राज्यैज्यूको पटाङ्गिनीमा पल्टनै खेल्यो
माझा दोसाँधैमा जुझानै पऱ्यो
आअनै जमुधारा खेलाओ माइज्यू
माझ दोसाँधैमा खेलायो
आमाले दियाको जमुधाराले चारै अँगाला गरी
धन जागैला, दिदीले दिएको जमुधाराले
फुपूले दियाको धुरीवानले
चारै अँगाला गरी गर्धनैले काट्यो
हाइहाई मेरो राज रनै पऱ्यो
रामै बोल्यो प्राणै छाड्यो
आज मेरो सपनीमा मध्येनी रातैमा
निको देखिन
ढाल र खुँडैमा रगतै देख्यो
राज्यैज्यू त पऱ्यो मानी समियारै ल्यायो
हो कि मा हैन काली कौवा
हो साँचै हो ढाल र खुँडैमा रगतै देख्यो
गोबर कुण्डलै बनाई दूधको छाया हेऱ्यो
राज्यैज्यूलाई देख्यो
मैनाबत्ती रानी खिसिक्कै हाँस्यो
राम बोल्यो याम्फावती रानी रामै बोल्यो
याम्फावती रानी एकोहोरी भयो

हामी त जान्छ स्वामीको साथ
राजा र रानी शिपाउँ पोसाकै
लुगाफाटा दक्षिणा दियानी
राजै र ज्यूका यी घोडा बुझाइ दिया नि
चोलियाको मुजैसम्म दूधै खुवायो नि
बालकृष्ण राजा धुरुक्कै रोया नि
मामाको आश्रममा बालकृष्ण राजा
बुझाइ गया नि
भोकै लाग्यो तिर्खै लाग्यो बालकृष्ण राजा
ढिकारी बियाँ टिपी दिया नि
बलेनी पानी थापी दिया नि
राजा र रानीज्यू डोलिया चढ्यो
लावा छर माइज्यू, बिबिँया बाजा
दरस्याँगी बजाइदेऊ
नरी काठको काठै काटी सलाई खम्बा
नरी काठ चिरीचिरी सलाई पग्जा
नवै तला पुऱ्याई सोला बनायो
अम्बावती रानी सोलामा चढैला
यागनी (अग्नी) जलाऊ राजै र रानीलाई
पञ्चै लोकले धोकपारी (चलाउने)
राजा र रानी भष्मै भयो
अँगारै भयो
अँगार बगीबगी काशी पुग्यानी
पुतलीको भेष फेऱ्या नि
जोरै पुतली इन्द्रासन पुगे नि
राजा र रानी पुतलीको भेष गरी
सरक्कै घुम्यो ।

**घाटु सेलाउने**

गावैखेरि हमरा भलो बिदा देऊ
हामी त जान्छ इसुराली देश

सामै राजाले छाड्यो भने

आगुँ होला भेट

बेनिया (पङ्खा) ले हम्कीहम्की

चलो माइज्यू

गण्डकीको तिरैतिर जोगी बस्यो ध्यान

दसैँघर भिग मागीमागी दस मुठी नै

अभागी जोगी धुरुक्कै रोया नि

गोबर कुण्डलै बनाई धारा देऊ माइज्यू

चण्डी देउराली माता, मालीगाईको दूधै धारा

सुनैखेरि पङ्खी पानी अञ्जुलै

(यति भनेर दूध, मुकुट, काँगियो (काँइयो), हातहतियार चढाउँदै कुखुराको चल्लाको भोग चढाइन्छ)

हिमैचुली वरैचुली, देउचुली देवतै चलो भइया

कहाँ हो तिम्रो देश, कहाँ हो तिम्रो स्थान

चलो भइया आफ्नै देश चलो

हिमचुली देवता, वरैचुली देवता

चलो भइया आफ्नै देश गयानी

कहाँ हो तिम्रो स्थान कहाँ हो तिम्रो देश

आफ्नै देश चलो भइया

मकुवाना देश बसैला

(यति भनेर घाटु अन्त हुन्छ)

स्रोत : सावित्री गुरुङ, वर्ष ७४, धरमपानी–४

### ३.१.५.२ मारुनीगीत

तनहुँ धरमपानीमा प्रचलित यो वाद्यनृत्य गीत हो । रामायण कृष्णचरित्रमा आधारित भएको हुनाले यसलाई चरित्रनाच भनिन्छ । तीनचारओटा मादल बजाएर गाइने हुनाले यसलाई मादल नाच पनि भनिन्छ । धरमपानीमा यो चरित्रनाचको नामले प्रचलित छ । सुरुमा मादलको तालबाट एक किसिमको धुनबाटै सरस्वती जगाइन्छ, त्यसपछि गीतको सुरुवात हुन्छ ।

सुनकै सागर रूपकै दुवार

झिलिमिली तालले धुरुक्कै उधार

उधारैउधार घरमै दुवार

सरस्वती माताले कण्ठै उघार
लिप हो रे बालै लिप हो रे
हो ... मालीगाईको गोबरले लिप हो रे
हो ... जमुनाका पानीले लिप हो रे

**सरिवन खण्ड**

हा ... हो ... यो बिदरी वनमा जोरी वनमा
ताल है पोखरीमा नयाँनयाँ पोखरी हो ...
खनीमा खनी
पैल यो धरती हो ... उत्पन्न भयो धरती
पैला धरती हो ... माता उत्पन्न भयो
मुकुन्द वनैमा गाईको गोठ सरिवन बालैको
हा ... हो ... कँजरो कुशको छन्द वा छपरी
सरिवन बालाको गाईको गोठ
हा ... हो ... लैजाऊ हो रे बालै सरिवन
हा ... हो ... काशीको तीरथैमा
हा ... सक्दैन महिको खिर
आज खायो दूधैको खिर
हा ... पानीको लाग्यो पियास
हा ... मेरी बालै पानीको लाग्यो पियास
भै (भुइँ) झरी राखुँ भने सिँगाइले खाला
हो ... मेरी बालै पातालै राखूँ भने जरायुले खाला
हा ... हो ... मेरी बालै पातलै राखूँ भने नागैले खाला
हो ... हा ... आकाशै राखूँ भने जटायु पङ्खीले खाला
हा ... हो ... मेरी बालै
ह ... हो ... कोनै वनमा भुल्यौ ह मेरी बालै
हा ... साँझ घर नइँ आवैला
ह ... कित हरि लग्यो लङ्कापति राउन्नेले
ह ... कित हरि लग्यो दशरथ राजैले
ह ... मेरी बालै मेरो सरिवन कता गयो
हा ... हो ... बिन्द्रावन ठाउँमा कौनै गति

हा ... हो ... मिर्गको कानैजस्तो

हा ... भानिजको कानै देख्यो

हा ... भानिजको पाउ देख्यो

हा ... पैले पाला मरायो घुटुमा घुटु

हा ... मिर्गको तालै सुनी बाँडै छाड्यो

हा ... दुसटै पालामा ढुकुर करायो

मृगको तालै सुनी बाँडै छाड्यो

हा ... बाँडै लग्यो भान्जै शिव ! शिव ! भानिजलाई बाँडै लाग्यो ।

हा ... लौन बाबै हा ... लौन बाबै चिसो ठण्डा पानी खुवाउन बाबै ।

हा ... जहिले ल्याउला सरिवानै तैले खाउला पानी

हा ... मैले मार्‍यो दिदी मैले मार्‍यो

सरिवन मान्जालाई मैले मार्‍यो

हा ... मैले मार्‍यो दिदी मैले मार्‍यो

मृगैको सवत सुनी मैले मार्‍यो ।

**शोक खण्ड**

हा ... हो ... पुत्रको धुरुधुरु रोयो

हो ... विना पुत्र बालै के को नाश भयो

हा ... हो ... पुत्र मेरो धरनी हो ... वृन्दा वनै रोयो

हेरनी पुत्रको शोकले धुरुधुरु रोयो

हा ... सरापै देउन मलाई मेरी दिदी

हा ... सरापै देउन मलाई

हा ... दाहिने काँध आउँदा बायाँ काँध आधी

माझै सरिवन पुत्र तीनजना जम्मा होस्

काशी र पुगी सरापै तवन दिउँला

हा ... काशीको आइपुग्यो दिदै

सरापै देउन मलाई

हा ... हो ... जाउन बान सरिवनै लाग्यो

दशरथ राजालाई लाग्यो बान

सोही र वाण घोटीमा घोटी नदीमा बगायो

जालै खेल्ने जालेरी दाज्यै पुग्यो

हा ... भोटे दोभान

हो ... बायाँ काँध जालै बेऱ्यो

दाइने हात लौरी

हा ... हो ... गहिरी तालैमा माछा खेलेर हान

माई जालै फिँजाऊ

हा ... जाले खेल्ने जालेरी दाजू सरै (सहर माछो) पऱ्यो

हा ... हो ... सहरै माछा हातमा लिई राजाज्यूलाई चढायो

हा ... हो ... माना र पाथी भरीभरी जालेरीलाई दक्षिणा दियो

हा ... हो ... देऊ रानी लेऊ रानी सुनकाय स्याँगियोले

हा ... हो ... मछेडीको लोहाइ काँढा लेउ रानी सुवर्णको थलिया

हा ... हो ... हरनु भयो, मरनु भयो अँगुलीको पिरल मरनु भयो

हा ... हो ओखती त घोटीमा घोटी लगाइदिऊँ अँगुलीमा

हा ... हो ... राम ! राम ! पिरले मरनु भयो

हा ... हो ... वैद्य बोलाइदेउ बाबै वैद्य बोलाऊ

जाउन बालै बाबाज्यूलाई वैद्य बोलाऊ

हा ... हो ... पैले पाला कोशिलाको सियार

हा ... हो ... राति निद्रा दिउँसोको भोक पाइनँ मैले

हा ... हो ... दोसरै रात सुमित्राको सियार

रातिको निद्रा पाइन

हा ... हो ... कैकेयीको शेष रातिको निद्रा दिउँसोको

हा ... भाक पायो नि मैले रातिको निद्रा

हा ... नजाऊ बालै, नजाऊ बालै

हा ... वैद्यलाई बोलाउन नजाऊ बालै

हा ... कोही सखेला हो कोही सखेला

सुनकाय स्याँगिमा कोही सखेला

**वनबास खण्ड**

हा ... हो ... भरतलाई देऊन राजै भरतलाई देऊ राज

हा ... हो ... भरतलाई देऊन राजै, भरतलाई देऊन राज

हा ... हो ... भरतलाई राज्यै दिया

हा ... हो ... राम र लक्ष्मणलाई वनिबास लेखिदियो

हा ... हो ... खरी पाटी हातमा लिई राजैज्यूले लेखिदियो

हा ... हो ... चिठी र पत्र हातैमा लिई हा ... हो ...
सँगारै पाटीमा टाँसिदियो ।

हा ... हो ... हेर दाज्यू हा ... हेर दाज्यै सँगारै पाटीमा हेर दाज्यै

हा ... एकै पाउ बाहिर, एकै मितरी राम र लक्षुमनलाई वनिबास लेखिदियो ।

हा ... हो ... दुवै र भाइ राम र लक्षुमन धुरुधुरु रोयो

हा ... हो ... राम र लक्षुमन दुवै भाइ वनिबास लेख्यो

हा ... जाउ भाइ लक्षुमन वनिबास

हा ... कौनै हो रे जाउँ कौनै जाउँ वनिबास

हा ... हो ... पूर्वै देश जाउँ भने सूर्यको लाम होला

हा ... हो ... पश्चिमै जाउँ भने नागको लाम होला

हा ... हो ... उत्तरै जाउँ भने हिमालको लाम होला

हा ... हो ... दक्षिणै जाउँ भने औलोको लाम होला

हा ... हो ... जाऊँ हो रे भाइ लक्षुमन कोनै हो रे
जाउँ वनिबास

**चरित्र खण्ड (नागखण्ड)**

हा ... हो ... जाउन भानिज हो ... जाउन भानिज
बघेनीको दूध दोही लेऊन भानिज

हा ... हो ... जाउन भानिज मामाघर शुभ बेला जाऊन भानिज

हा ... हो ... जान्न मामा म त जान्न मामा हा ... हो पाउ मेरो दुःखी गयो जान्न मामा

हा ... हो ... जाऊन भानिज हो जाऊन मानिज हा ... हो ... पाउ लाउने जुत्ता दिउँला जाऊ भानिज

हा ... हो ... जान्न मामा हो ... जान्न मामा शिर मेरो पोलिरा'छ जान्न मामा

हा ... हो ... जाऊन भानिज हो ... जाऊन भानिज शिरै ओढ्ने छाता दिउँला जाउन भानिज

हा ... हो ... जाऊन भानिजग हो ... जाऊन भानिज मामाघर शुभ जगे जाऊन भानिज

हा ... जान्छु मामा हो ... जान्छु मामा शिरै ओढ्ने छाता दिनुस् जान्छु मामा

हा ... हो ... बघेनीको दूध दोही आउँछु मामा

हा ... हो ... यतिमा राम्री सुन्दर बाला के कामले आउनु भयो ?
हा ... हो ... देख्नु भयो सुन्दर बाला हेलाँ नगर नागिनी
हा ... हो ... म त पण्डित हो ।
हा ... हो ... देऊन हो रे नागिनी कमलीको फूल मागन आयो
हा ... हो ... झरेको पात कि कमलको फूल लैजाऊ तुम बालै
हा ... हो ... उठ उठ हो ... काली र नाग कौनै पुरुष आयो
हो ... कि त आयो नागको काल
हा ... हो ... कि त आयो बालको काल
हा ... हो ... समझ्यो बालै हो
समझ्यो बालै आमा र बालाई समझ्यो बालै
हा ... हो ... न मेरो बाबा, न मेरो आमा, न मेरो दाजु,
न मेरो भाइ हा कोही न कोही मेरो
हा ... न मेरो इष्ट, न मेरो मित्र को होला मेरो मितेरी गरुढ
हा ... हो ... उँडीमा आयो गरुढ पंक्षी काली र नागलाई
मारी कंसलाई पारी गोकुलैमा शुकधारी दियो
हा ... हो ... काल र नागलाई काटी र पोली दर्शनै पाऊँ
मामा हा ... सातै र तला बियाँमा बसी रमाउँला
सुन होरे बाला हो ... सुन हो रे बाला हामरा नाग आउलाकी नही
हो ... सुन हो रे नागिनी तुमरो नाग गाउँदैन नागिनी
हो ... हा ... जाग हो रे नाग आफ्नै गृहमा चलिजाऊ
हा ... हाँसी मा हाँसी अँगालै मारी बस हो रे नागिनी

स्रोत : आनन्दबहादुर गुरुङ, वर्ष ७७, धरमपानी–४, तनहुँ

## ३.२ तनहुँ धरमपानीको गुरुङ समाजमा प्रचलित नेपाली लोकगीतको वर्गीकरण

लोकगीतको किसिम छुट्याउने कामलाई वर्गीकरण भनिन्छ । समानता–असमानताका आधारमा लोकगीतलाई विभिन्न वर्ग वा समूहमा छुट्याएर प्रकारहरू निर्धारण गरिन्छ । तनहुँ धरमपानीमा प्रचलित नेपाली लोकगीतलाई विभिन्न आधारमा यसरी वर्गीकरण गर्न उपयुक्त ठानिएको छ –

(१) **विषयसन्दर्भका आधारमा**

(क) संस्कारगीत – रत्यौली

(ख) श्रमगीत

असारे

साउने

दाइँगीत

(ग) पर्वगीत

भैलो

देउसी

(घ) बाह्रमासे/सदाकालिक

रोदी

रोइला

सालैजो

तालपानीको छेउ

हो, राज्यै पियारी

चुट्का

(ङ) सांस्कृतिक गीत

घाटु

मारुनी

(२) **एकल वा समूह प्रस्तुतिका आधारमा**

(क) एकल गीत

दाइँगीत

झ्याउरे वा बाह्रमासे

साउने

(ख) सामूहिक गीत

असारे

चुट्का

घाटु

मारुनी

रोदी

रोइला

हो, राज्यै पियारी

सालैजो

**(३) पुरुष वा नारी प्राधान्यका आधारमा**

(क) पुरुषप्रधान गीत

चुट्का

मारुनी

(ख) नारीप्रधान गीत

रत्यौली

असारे

साउने

घाटु

**(४) सहभागिताका आधारमा**

(क) महिला सहभागी गीत

असारे

घाटु

साउने

रत्यौली

(ख) पुरुष सहभागी गीत

मारुनी

(ग) स्त्री-पुरुष सहभागी गीत

चुट्का वा कौरा

रोइला

सालैजो

हो, राजै पियारी

रोदी

भैलो/देउसी

**(५) गायन प्रकृतिका आधारमा**

(क) गेय

असारे

दाइ

साउने

झ्याउरे

(ख) सङ्गेय/वाद्यगीत

चुट्का/कौरा

मारुनी

हो, राज्यै पियारी

घाटु

**(६) अन्त्यप्रभावका आधारमा**

(क) सुखान्त

हो, राज्यै पियारी

रोदी

चुट्का/कौरा

रोइला

(ख) वियोगान्त

घाटु

मारुनी

**(७) रसाभावका आधारमा**

(क) करुणरस

घाटु

साउने

असारे

(ख) शान्तरस

मारुनी

(ग) शृङ्गाररस

चुट्का

रोदी

रोइला

**(८) आख्यानतत्त्वका आधारमा**

(क) आख्यानयुक्त गीत

घाटु

मारुनी गीत

चरित्रगीत

(ख) आख्यानमुक्त गीत

रोइला

हो, राज्यै पियारी

चुट्का/कौरा

सालैजो

असारे

दाइँ

रोदी गीत

झ्याउरे गीत

## ३.३ निष्कर्ष

तनहुँ धरमपानीको गुरुङ समाजमा प्रचलित र सङ्कलित लोकगीतलाई विभिन्न आधारमा वर्गीकरण गरेर अध्ययन गरिएको छ । विषयसन्दर्भका आधारमा संस्कार, श्रम, पर्व, बाह्रमासे, सांस्कृतिक पाँच प्रकारमा वर्गीकरण गरिएको छ । एकल वा सामूहिक प्रस्तुतिका आधारमा एकल र सामूहिक गीत भनेर वर्गीकरण गरिएको छ । यहाँका लोकगीतहरूलाई पुरुष वा नारीप्राधान्यका आधारमा पनि छुट्याइएको छ, यसरी नै नारी सहभागी, पुरुष सहभागी, नारी-पुरुष सहभागी भनेर सहभागिताको आधारमा वर्गीकरण गरिएको छ । गायन प्रकृतिका आधारमा कुनै गीत गेयअन्तर्गत पर्दछन् भने कुनै सङ्गेयअन्तर्गत पर्दछन् । यहाँका गीतहरू अन्त्य प्रभावका आधारमा सुखान्त, दु:खान्त दुवै प्रकृतिका छन् भने रसभावका आधारमा करुण, शान्त, शृङ्गार आदि भनेर वर्गीकरण गरिएको छ । आख्यानयुक्तमा घाटु, मारुनी, चरित्रगीतलाई समावेश गरिएको छ भने आख्यानमुक्त गीतमा झ्याउरे, बाह्रमासे तथा भैली, देउसी, रोदी गीतहरू रहेका छन् । यी माथिका सबै आधारमा धरमपानीका लोकगीतहरू विभाजित छन् । रत्यौलीलाई संस्कार, देउसी-भैलोलाई पर्व, रोदी, झ्याउरे, हो, राज्यै पियारी आदिलाई बाह्रमासे र घाटु, मारुनीगीतलाई आख्यानयुक्त गीत मानेर वर्गीकरण गरिएको छ । कुनै एउटा वर्गीकरणमा परेको गीत अर्को आधारबाट अर्को वर्गमा पर्ने हुँदा घाटु र चुट्कालाई पर्वगीतका रूपमा पनि हेरिएको छ । एउटै आधारले मात्र लोकगीतको पूर्ण अध्ययन नहुने हुँदा विविध आधारमा हेर्नुपर्ने र यसरी सबै आधारबाट हेर्दा एउटै सर्वमान्य वर्गीकरण हुन नसक्ने कुरा पनि त्यत्तिकै सत्य हो । यसर्थ धरमपानीमा प्रचलित लोकगीतहरू पनि कुनै आधारमा कतै र कुनै आधारमा कतै विभाजित वा वर्गीकृत भएका छन् । गाथायुक्त गीत ज्यादै लामा भए पनि यथासम्भव पूर्ण रूपमा सङ्कलन गर्ने प्रयास भएको छ ।

## चौथो परिच्छेद

# तनहुँ धरमपानीको गुरुङ समाजमा प्रचलित नेपाली लोकगीतको विश्लेषण

## ४.१ पृष्ठभूमि

साहित्य समाजको दर्पण भएझैँ लोकगीत पनि लोकजीवनको दर्पण हो । सामूहिक विश्वास र चेतनाको अभिव्यक्तिस्वरूप लोकगीतमा लोकयथार्थ चित्रित हुन्छ । लोकगीतमा लोकरीतिरिवाज, व्यवहार, कला, संस्कृति, सौन्दर्य, प्राकृतिक मनोहरता, लोकजीवनका मर्म र कतिपय ऐतिहासिक विषयसमेत अभिव्यक्त हुन्छन् । लोकगीतमा पहरा, छहरा, चराचुरुङ्गीका कलरवध्वनि गुञ्जिन्छन् र यसैमा हाम्रा नदीनाला कुलकुलाएका हुन्छन् । यिनै प्राकृतिक सौन्दर्यलाई समाजका हरेक पाटामा गाँसेर सामाजिक विधि-व्यवहारको गरिमालाई उठाउने काम लोकगीतमा हुन्छ । यसमा लोकको रीतिरिवाजका अतिरिक्त स्थानीयता र पारिवारिक अवस्थाको पनि चित्रण हुन्छ । लोकगीतमा समाजका विभिन्न जाति समुदाय र उनीहरूको जीवनपद्धति, रहनसहन, विश्वास र मान्यता अभिव्यक्त हुन्छ । लोकजीवनका समग्र क्रियाकलापको सम्मिश्रण यसमा हुन्छ । तनहुँ धरमपानीका लोकगीतलाई तिनमा रहेको कथ्यविषय, सामाजिक, सांस्कृतिक, आर्थिक तथा प्राकृतिक पक्ष एवम् छन्द, लय, रस र भाषागत रूपमा अध्ययन र विश्लेषण गरिएको छ ।

## ४.२ तनहुँ धरमपानीको गुरुङ समाजमा प्रचलित नेपाली लोकगीतमा अभिव्यक्त कथ्य

### ४.२.१ रत्यौली

मुखिया विवाहका लागि छोरी माग्न आएका छन् । उनले छोरी माग्दा छाता र गहनाको धाक लगाइएको छ । धनको फूर्ति लगाएर केटी माग्ने मुखिया बाका गरगहना नक्कली भएको हुँदा उनीसँग बिहे गर्न तयार छैनौँ भन्ने कथ्य प्रकट भएको छ । नक्कली गहनाको धाक देखाएर केटी माग्न आउने मुखियाबाट केटीलाई जोगाउनुपर्छ भन्ने आसय प्रकट भएको छ । व्यञ्जनात्मकता भएको यस गीतमा अन्त्यानुप्रास कतै मिलेको छ कतै मिलेको छैन ।

'आजर मैले घाँसैर काट्यो बारीको गिँदरी,

मुखिया बा मागन आयो छेकन तन्नेरी' (तेस्रो परिच्छेद, पृ. १५)

## ४.२.२ श्रमगीत

**असारेगीत** र **साउनेगीत** तनहुँ धरमपानीमा प्रचलित श्रमगीत हुन् । असारे महिनाको दबदबे हिलो घिन लागे पनि आफ्नी प्रियसीलाई फरिया किन्दा ऋण लागेकाले काम गर्नैपर्ने अवस्था छ । ईश्वरको सृष्टिमा काम गरेर सबैले खानुपर्छ, आफ्नो पाखुरा चलाएर मात्र एकपेट खान पाइन्छ । काम गर्दा ढाड दुख्ने हुँदा कमरबन्दी (पटुका) बाँध्नुपर्छ तब छुपुछुपु बीउ रोप्न सकिन्छ । आफ्ना श्रीमान् छउन्जेल दुःख गरेरै भए पनि खाने रहर हुन्छ । दुःख गरेर पनि विवाह गरेका चेलीलाई घरमा मीठो वचन नहुँदा मन अस्थिर हुन्छ । तनहुँ धरमपानीमा प्रचलित असारेगीतमा यही कथ्य प्रकट भएको छ ।

**साउनेगीत** धान–कोदो गोड्दा गाइन्छ । यस गीतमा काम गर्दा सधैँ दुःख पाएको वेदना अभिव्यक्त भएको छ । आफ्नो कर्ममा दुःख लेखेको छ, तर जति दुःख गरे पनि दुःख बिसाउन ठाउँ नपाएको कथ्य साउनेगीतमा अभिव्यक्त भएको छ ।

कर्म गर्दा पाएको दुःखलाई पीडाको रूपमा मात्र होइन विरह-वेदनाबाट मात्र पनि होइन हाँसो ठट्टासमेतबाट मन बुझाउन सकिन्छ भन्ने कुरा साउने गीतको ठट्यौली गीतको प्रस्तुतिबाट थाहा हुन्छ । भर्खर विवाह गरेकी नयाँ श्रीमतीले कपाल कोरेरै दिन बिताउँदा खेतमा फट्याङ्ग्रा कमिलाले काम गर्दछन् । अल्छी श्रीमतीले पाएको छोरो पनि टाउको ठूलो हुनाले सन्तुष्टि भएको छैन । श्रीमती डल्ली छ, डोकामा गाग्री बोकेर हिँड्दा मान्छे देखिँदैन । यस्तो पीरले ज्यान सुकेको छ । साउनेगीतमा ठट्यौलो प्रस्तुतिमा आएको कथ्य यही हो ।

## ४.२.३ पर्वगीत

तनहुँ धरमपानीको गुरुङ समाजमा प्रचलित भैलो र देउसी पर्वगीत हुन् । **भैलोगीत** तिहारे औँसीका दिनमा गाइन्छ । धर्मशास्त्रअनुसार बलीराजाको आदेश पाएर भैलेनी घरघर भैलो माग्न आएका छन्, यो एउटा रीत हो । जसले प्रशस्त दान गर्छ उसको भलो हुन्छ, इज्जत बढ्छ भन्ने विश्वास रहेको छ । त्यस्तै भैलीले दिएको आशीर्वाद लाग्छ र धनधान्यले घर भरिपूर्ण हुन्छ भन्ने कथ्यवस्तुलाई भैलोगीतले अभिव्यक्त गरेको छ ।

**देउसीगीत** पनि धरमपानीमा प्रचलित छ । 'भन भन भाइ हो – देउसी रे' भनेर सुरुवात गरिने गीतमा तिहारको रमझम, वर्षदिनमा एकपटक आउने ठूलो चाडमा बलीराजाको आज्ञाले देउसी खेल्न आएको भन्ने कथन यहाँ रहेको छ । दान दिन धान, चामल, पैसा नाङ्लोमा राखी बत्ती बालेर दिने र दान लिएपछि दान दिनेलाई भरिपूर्णता होस्, अर्को साल पनि आउँला मागौँला भन्ने र दान दिएकोमा रोगव्याधी नलागोस् भन्ने आशीर्वाद रहेको देउसीगीतको कथ्यवस्तु पनि भैलीगीतकै जस्तो छ ।

## ४.२.४ सदाकालिक वा बाह्रमासे गीत

तनहुँ धरमपानीमा प्रचलित बाह्रमासे गीतअन्तर्गत **रोइला** पनि पर्दछ । यसमा केटा र केटी भएर दोहरी रूपमा जुहारी खेलेका छन् । प्रथमतः रातो पछ्यौरी ओढ्नेलाई सलामी दिएर केटाबाट गीत सुरु भएको छ । ढाका टोपी कर्काएर आफैँतर्फ आँखा मर्काएको कुरा केटीद्वारा

व्यक्त भएको छ । यहाँ माया र प्रीतिका कुरा चलेका छन् । गीतको अन्तमा केटाले सम्फेर नरोऊ, रुनपरे मै रुन्छु, पागल भए पनि म नै हुन्छु तिमीलाई दुःख नपरोस् भनेको छ । तनहुँ धरमपानीमा प्रचलित रोइला गीतको कथ्यवस्तु यही हो ।

**हो, राज्यै पियारी** पनि पनि यहाँको बाह्रमासे गीत हो । यो स्त्रीपुरुष सहभागी भएर सामूहिक रूपमा गाउँछन् । पञ्चैखालमा देखेको मायासँग बोल्नलाई मन धरमर भएको, तरुनी भनेर बोलाउँदा बूढीले 'ज्यू' भनेको, आफूलाई नक्कले भने पनि कसैले प्रशंसा नगरेको तैपनि रसिलो माया लगाऊँ भन्ने चाहना रहेको कथ्यभाव यस गीतमा रहेको छ ।

यहाँ प्रचलित **रोदी गीत** पनि बाह्रमासे गीत हो । यहाँ प्रस्तुत गीतमा ठिटा र ठिटीबीचमा मायाप्रीतिका कुरा चलेका छन् । हिमाल र मर्स्याङ्दी नसुकेसम्म मायालाई बिर्सन नसक्ने, कलेजोमा भिजेको मायालाई जीवनभर संरक्षण गरेर राख्ने हुनाले अन्त माया नलगाऊँ, हामीहामीबीच मायाप्रेम होस् भन्ने कथ्यवस्तुलाई गीतले प्रकट गरेको छ ।

बाह्रमासे गीतअन्तर्गत **तालपानीको छेउ** पनि दोहरी रूपमा प्रस्तुत हुन्छ । केटाले केटीलाई फूलरूपी सौन्दर्यसँग दाँजेको छ । त्यो सुन्दर फूललाई चाहेको छ । त्यसमा आफ्नो अधिकार नभएको कुरा जनाउँछ  केटीले बूढो भइसकेकोले हामीजस्ता नवयुवतीसँग जोडी मिल्दैन भनेकी छिन् । त्यस्तै केटाले तिमी पनि त्यति राम्री त होइनौ म त सिँगार–पटार नभएर बूढो देखिएको हुँ भनेको छ । पटक-पटक धोका खाएकोले 'अगुल्टाले हानेको कुकुर बिजुली चम्कँदा तर्सन्छ' भन्ने लोक उखानको मर्म केटीले व्यक्त गर्दछे । त्यसको जवाफ दिँदै तुलोमा राखेर सबैलाई एकनासले तौलन–जोख्न हुँदैन भन्ने कुरा केटाले व्यक्त गरेको छ । अन्तमा धोका खानुभन्दा माइतीघरमा नै बाबुको सम्भार गरेर बस्ने केटीले निर्णय गरेको कथ्यवस्तु यस गीतमा अभिव्यक्त छ ।

तनहुँ धरमपानीमा बहुप्रचलित लोकगीतहरूमध्ये **कौरा** वा **चुट्का** एक हो । दस, बीसजनाको खाल जमाएर गीत गाउँदै केटीहरूलाई नचाउने यस गीतमा प्रथम चरणमा देवीदेवताको शरण परेको, चारै दिशाका प्रमुख देवताको साथै स्थानीय मूल देवताको समेत आराधना गरिएको छ । आराधनापछि नाच्ने केटीहरूलाई मायालु भन्दै सन्चो बिसन्चो सोधिएको छ । त्यसपछि मायाप्रीति लगाउने कुरा आएका छन् । मायाप्रीति बस्न लागेको बेला छोडेर जानुपर्ने स्थिति आएको छ अब कसरी छाडेर जाने हो भन्ने चिन्ता केटाहरूलाई परेको छ ।

यहाँ तीन लयका कौरागीत रहेका छन् । तीनओटै गीतमा मायाप्रीतिका कुरा छन् । फूलको जवानीमा माया गाँसौं भन्ने आसय नै यी चुट्का गीतको मुख्य कथ्य हो ।

**सालै जो** भाका धरमपानी गुरुङ समाजमा कमै प्रचलित छ । यो ज्यादै सुरिलो लयको तानले गाउने भाका हो । केटाकेटी सम्मिलित भएर गाउने यस गीतमा मायासँग पहिलो भेट हुँदा कसरी बोलौँ, कसरी सम्बोधन गरौँ भन्ने दोधारे अवस्था रहेको छ । गीत नजानी-नजानी गाएका तर वचन खेर फाल्न नसकेर गीत गाएको, ईश्वरका सृष्टिमा कोही सुखी र कोही दुःखी हुन्छन् तर पनि बोली-वचन राम्रो भएमा मन सफा हुन्छ भन्ने कथ्य यस गीतले प्रकट गरेको छ ।

## ४.२.५ घाटुगीत

**घाटु**को प्रथम खण्डमा इष्टदेवताहरू हिमचुली, देउचुली र वरचुलीको स्तुति, गाईको गोबरले मण्डप चोख्याउने, घाटुली जगाउने मङ्गलाचरण रहेका छन् ।

दोस्रो खण्डमा घाटुलीलाई फूल टिप्न लगाइएको विभिन्न रङ्गीचङ्गी फूल फुलेको र ढकियामा फूल टिपेर लेऊ मायारानी भनेर रानी अम्बावतीलाई सङ्केत गरिएको कथ्यवस्तु रहेको छ ।

तेस्रो खण्डमा घाटुलीले अम्बावतीका रूपमा कार्य सुरु गरेको, शृङ्गार गरेको, धानको बीउ राख्ने, खेतमा रोपाइँ गर्ने, हिलो धुने, विभिन्न परिकारका झिनुवा खाजा, सागको तरकारी खाएको कथ्य रहेको छ ।

चौथो खण्डमा गण्डकी नदीमा जाल खेल्ने जालमा माछा पर्ने, माछा बेचेर गहना किनेको विषयवस्तु कथ्यका रूपमा रहेको छ ।

पाँचौं खण्ड 'शिखर खण्ड' हो । यसमा राजा आफ्नु धनु बोकेर हिमचुली, वरचुली र कालीको लेकमा सिकार खेल्न जान्छन् । हरिणलाई घाइते बनाउँछन्, एउटा खुट्टा काटिए पनि तीनवटा खुट्टाको सहायताबाट मृग भागी वृन्दावन पुग्दछ, मृगको पछि लागेर जाँदा मृग मारिन्छ । राजाको पटाङ्गिनीमा गएर मृगको भाग लगाइन्छ । सिकारमा लगेको छोडालाई कदम डाली दिइन्छ राजारानी भएर मृगको मासुसँग भोजन गर्दछन् ।

छैटौं खण्ड विवाह खण्ड हो । यस खण्डमा पश्रामु र अम्बावती मायारानी, यम्फावतीको बिहेको तयारी गरिएको छ । कपडा किन्न पठाइएको, ज्योतिषी बोलाएर लगन हेर्न लगाइएको, दस-बीस जन्ती बोलाउने प्रसङ्ग, रानीको विवाह भएको, विवाहमा अम्बावती रानीको बाबुले आफ्नी छोरी डोलीमा चढाएको, जन्ती जाने बेलामा एकपटक रानीको मुख हेरी रोएको कथ्यवस्तु छ ।

सातौं खण्डमा जन्ती फर्केको पलङमा राजारानी सुत्ने स्थान बनाइएको, रानी गर्भवती भएको, बालक जन्मने महिना गणना गरिएको, दसमास भएपछि बालकृष्ण बाला जन्मेको, दरबारमा हर्ष छाएको र भोजभतेर चलेको कुरा कथ्यवस्तु रहेको छ ।

आठौं खण्ड घाटुको मूल खण्ड हो । यस खण्डलाई सतीखण्ड भनिन्छ । यस खण्डमा राजा लडाइँ गर्न जानुपर्ने हुन्छ । घरबाट नजाऊ भन्ने अनुरोध भए पनि राजा लडाइँमा जान्छन् । आफ्ना आमा, बाबा, फुपूले एक-एक हतियार दिन्छन्, त्यही हतियार युद्धमा प्रयोग हुन्छ, तर शत्रु पक्षले राजालाई काट्छन् । यता रानीले सपना नराम्रो देख्छिन् । ढाल र खुँडामा रगत देखेपछि रानी शोकमा पर्छिन्, कौवाले खबर ल्याउँछ, राम बोल्यो राम बोल्यो भनेपछि रानी एकोहोरिन्छिन् र राजासँगै सती जान्छिन् । बालकृष्ण बालालाई मामाको आश्रममा लगिन्छ । ढिकरी बियाँ र मासको दाना खान दिइन्छ, लावा छरेर रानी सती जान तयार हुन्छिन् । चिता तयार हुन्छ । अम्बावती रानी चितामा चढ्छिन् । आगो लगाइन्छ । राजारानी भष्म हुन्छन् । अँगार बगेर काशी पुग्छ । काशी पुगेपछि राजा पश्रामु र रानी अम्बावती जोर पुतली भएर पुनर्जन्म लिन्छन् ।

अन्तिम खण्ड घाटु अन्त्य गर्ने खण्ड हो । यसमा घाटु गाउँदा भएका गल्ती– कमजोरीमाथि क्षमा माग्ने काम हुन्छ । चण्डी, देउरालीसँग क्षमा मागेर गाईको दूध, लाभाको मुकुट, काइँयो, हातहतियार र कुखुराको भोग चढाउने अनि घाटुलीहरूको बस्ने स्थान मकुवाना देश हो त्यहाँ गएर बस भनेर गीत अन्त्य हुन्छ । यसरी राजा पश्रामु र रानी अम्बावतीको वियोगान्त कथा सती घाटुको मूल कथ्य बनेको छ ।

## ४.२.६ मारुनी

मारुनी गीतलाई चरित्र, मादल, मारुनी आदि नाम दिएको पाइन्छ । मारुनी गीत कतै कृष्णचरित्रमा आधारित हुन्छन् कतै रामायणमा आधारित हुन्छन् । तनहुँ धरमपानीको गुरुङ समाजमा रामायण र कृष्णचरित्रमा आधारित मिश्रित किसिमको मारुनी गीत प्रचलित छ ।

मादलको एक किसिमको रागबाट सरस्वती जगाइन्छ र मङ्गलाचरणबाटै गीतको उठान हुन्छ । 'सरस्वतीमाताले कण्ठै उघार' भनेर गीत सुरु हुन्छ ।

सुनकै दुवार सुनकै सागर
घुरुक्कै उघार तालले घुरुक्कै उघार
उघारै उघार तालले घुरुक्कै उघार
सरस्वती माताले कण्ठै उघार (तेस्रो परिच्छेद, पृ. ३५)

यस किसिमबाट थालिएको मारुनी गीतको सरिवन खण्डमा श्रवणकुमारको कारुणिक कथा छ । आफ्ना बाबुआमाका निम्ति पानी लिन गएको बेला कुवामा पानी भर्दै गर्दा टाढाबाट श्रवणकुमारलाई मृगजस्तै ठानी राजा दशरथले बाण छाड्छन् । श्रवणकुमार घाइते हुन्छन् । धेरै समय नफर्कंदा अन्धा बाबुआमा राक्षसले हर्‍यो कि त दशरथ राजाले मार्‍यो भनी बिलौना गर्दछन् । लौ न चिसोपानी खुवाऊ – भन्छन् । भानिजलाई टाढाबाट मृगजस्तै ठानेर मारेँ भन्ने कुरा दशरथले अन्धाअन्धीसँग भन्छन् ।

शोक खण्डमा अन्धाअन्धीको शोक रहेको छ । श्रवणकुमारका बाबुआमासमक्ष राजा दशरथले मलाई श्राप दिनुहोस् भन्दछन् । काशी पुगेपछि श्राप दिने कुरा श्रवणकुमारका बाबुआमाबाट हुन्छ । काशी पुगेर श्राप दिन्छन्; श्राप दशरथ राजालाई लाग्छ । अन्धाअन्धी नदीमा हाम्फालेर मर्दछन्; माछाले खान्छ माछालाई जाल हालेर छोपिन्छ; माछा टुक्र्याएर पकाइन्छ । त्यसै समय राजाको औँलामा माछाको काँढा गड्छ । साह्रै पीडा हुन्छ । वैद्य बोलाउने कुरा हुन्छ । तीनवटा रानीले पालोगरी राजा दशरथलाई कुर्छन् । सुमित्रा, कौशिलाको पालामा घाउ दुख्छ । राजालाई भोक, निद्रा लाग्दैन । कान्छी रानी कैकेयीको पालोमा राजाको पीडा घट्छ र राम-लक्ष्मणलाई वनबास तोकेर भरतलाई राज्य सुम्पन्छन् । त्यसपछि वनबास खण्ड सुरु हुन्छ ।

वनबास खण्डमा राम-लक्ष्मणको वनबास जाने निर्णय राजाले गर्दछन् । दाजुभाइले कुन दिशा जाने भनेर छलफल गर्दछन् । पूर्व दिशा गए सूर्यको लाभ हुने, पश्चिम गए नागको लाभ हुने, उत्तर गए हिमालको लाभ हुने, दक्षिण गए औलोको लाभ हुने कुरा गीतमा व्यक्त भएको छ ।

चरित्र खण्डमा कृष्णचरित्रको अंश मिसिएको छ । मामा कंसले आफ्ना भाञ्जा कृष्णलाई मार्न बघिनीको दूध लिन पठाउँछन् । छाता, जुत्ता पाएपछि कृष्ण जान्छन् । बाटोमा यति सुन्दर बालक किन आयौ भनी प्रश्न गर्दा आफू पण्डित हुँ भनी कमलको फूल माग्छन् । आफैले टिप्न लाग्दा कमलको फूलबाट विषालु सर्पहरू निस्कन्छन् र कृष्णलाई घेर्छन् । सहारा कोही नभएको हुँदा कृष्णले गरुडसँग मीत लगाउँछन् । गरुडको सहायताबाट कृष्ण बच्न सफल हुन्छन् । नागिनीले विलाप गरेपछि नागलाई बचाएर आफ्नै घरमा बस भनी पठाइन्छ ।

प्रस्तुत मारुनी गीतको विषयवस्तुलाई केलाउँदा यसमा तीन खण्ड रहेको छन् । पहिलो खण्ड सरिवन खण्ड हो । यसमा राजा दशरथले श्रवणकुमारलाई मृग भनेर भ्रममा परी बाणद्वारा मारेको, अन्धा बाबुआमाले विलाप गरेको कुरा मूल कथ्यवस्तु बनेको छ जुन पौराणिक-धार्मिक विषयवस्तुमा आधारित छ ।

दोस्रो खण्ड वनबास खण्ड हो । यसमा राजा दशरथले आफ्ना रानीमध्ये कैकेयीको स्याहारसुसारबाट प्रसन्न भएर कान्छीरानीलाई प्रसन्न पार्न राम–लक्ष्मणलाई वनबास तोकेको रामायणको कथावस्तुमा मूलकथ्य बनेको छ ।

तेस्रो चरित्र खण्ड हो । यसमा मामा कंसले भान्जा बालक कृष्णलाई मार्न बघिनीको दूध लिन पठाउँछन् । कृष्ण कमलको फूल टिप्न जान्छन् र विषालु साँपले घेरिँदा आत्तिन्छन् । त्यति बेला उनको सहारा कोही नहुँदा गरुडसँग मीत लगाउँछन्, गरुडको सहायताबाट कृष्ण बाँच्दछन् । साँपलाई माफी दिएर आफ्नो घरमा बस्ने आज्ञा दिन्छन् । कंसले आफ्ना भान्जा कृष्णलाई मार्न रचेको दुष्कर्म नै चरित्र खण्डको कथ्य बनेको छ ।

यसरी मारुनी गीतलाई नियाल्दा यसमा विशृङ्खलित कथावस्तु पाइन्छ । उठान र बैठानमा एकरूपता देखिँदैन । सुरु र अन्त्यको नियमित शृङ्खला मिलेको छैन ।

## ४.३ तनहुँ धरमपानीको गुरुङ समाजमा प्रचलित नेपाली लोकगीतमा समाज चित्रण

तनहुँ धरमपानीका लोकगीतमा सामाजिक स्थितिको चित्रण गर्ने क्रममा विविध प्रसङ्ग आएका छन् । पति-पत्नी, दाजुभाइ, दिदी-बहिनी, मामा-माइजू, सासू-बुहारी र तिनका व्यवहार तथा पारस्परिक जीवनमा पर्ने घटना आदिको चर्चा यहाँका गीतमा पाइन्छ ।

जीवनभर कामकाजमा व्यस्त रहेर दु:खैदु:खको जीवन बिताउनु पर्ने बाध्यता आफूमा रहेको र आफ्नै भाग्य वा कर्मको फल सम्झेर भाग्यसँगै हिँड्नुपर्ने र त्यसैमा चित्त बुझाउनु पर्ने बाध्यता रहेको कुरा गीतमा अभिव्यक्त छ –

भीरमा लर्क्यो खर, जाँ लान्छ कर्मले त्यहीँ हाम्रो घर । (तेस्रो परिच्छेद, पृ. १६)

आफ्ना दु:ख-सुख कर्मअनुसार निश्चित भएका छन् र त्यसैका आधारमा चल्नुपर्ने र आफ्नो दु:ख-सुखमाथि चित्त बुझाउनु पर्ने, मन शान्त गराउनु पर्ने परिस्थिति सिर्जना भएको कुरा प्रस्टिन आउँछ । समाजमा बसेर सबै सुखी र धनी हुँदैनन् । आफ्नो भाग्यअनुसार दु:ख–सुख ब्यहोर्नु पर्छ भन्ने विश्वास यस गीतमा ध्वनित भएको छ ।

समाजमा दु:ख-सुख मात्रै हुँदैनन्, माया र प्रीतिका कुरा पनि हुन्छन् । झन् गुरुङ समाजमा त उमेर पुगेका ठिटाठिटीहरू मायाप्रीतिका गीत गाएर रोदी जमाउने र मन मिले जीवनसाथी बन्ने काम पनि हुन्छ । जोडी बाँधिने काम पनि सामाजिक क्रियाकलापअन्तर्गत पर्दछ ।

पञ्चैखालमा बसेर माया लाऊँ नानी,
आएछ तिम्रो फूलको जवानी' (तेस्रो परिच्छेद, पृ. २५)

रोदीमा बसेर मायाप्रीति साटासाट गर्ने गुरुङ जातिको सामाजिकताको चित्रण यस गीतले गरेको छ । ईश्वरको सिर्जनालाई मान्यता दिने सामाजिक सोचका कारण कोही सुखी र कोही दु:खी हुन्छन्; यसो हुनु ईश्वरको खटन हो । मैलो सफा गर्ने साबुनपानीजस्तै मन सफा गर्ने वस्तु बोलीवचन नै हो भन्ने कथ्य गीतमा व्यक्त भएको छ ।

'हा ... कोही भने सुखी, कोही भने दु:खी, सालै जो ईश्वरको रचना,
मैलो र धुने साबुनपानी मन धुने वचन' (तेस्रो परिच्छेद पृ. २७)

यसरी तनहुँ धरमपानीका लोकगीतमा सामाजिक चालचलन, मायाप्रीति, सुख-दु:ख आदि भावहरू व्यक्त भएका छन् ।

## ४.४ तनहुँ धरमपानीको गुरुङ समाजमा प्रचलित नेपाली लोकगीतमा सांस्कृतिक चित्रण

लोकजीवनको आफ्नै सामाजिक परम्परा हुन्छ । संस्कृति मानिसको आन्तरिक मात्र होइन बाह्य अभिव्यक्ति पनि हो । मानिस आफ्नै संस्कृतिबाट प्रभावित हुन्छ । संस्कृतिबाट मानव समाजका विभिन्न झलक प्रस्तुत हुन्छन् । तनहुँ धरमपानी क्षेत्रमा आफ्नै प्रकारको चालचलन, रीतिरिवाज र रहनसहन हुनु स्वाभाविक हो । वास्तवमा संस्कृतिभित्र विभिन्न प्रकारका पर्व, उत्सव, आचार, विचार, रहन-सहन आदि पर्न आउँछन् ।

तनहुँ धरमपानीको गुरुङ समाजमा पनि यहाँको समाजको सांस्कृतिक स्वरूप झल्केको छ । देवीदेवतालाई मान्ने आराधना गर्ने चलन यहाँ गुरुङ जातिमा पनि छ ।

'यसै गाउँको कुन छ ठूलो देवता,
उही देवताको पर्छौं सराना ।' (तेस्रो परिच्छेद, पृ. २५)

मायाप्रीतिको प्रसङ्ग आएको गीत –

'घुमाइमा घुमाइ छतरी बुन्यो पूर्वेली कसाईले,
यो पञ्चैखालमा बसी लाऊँ माया रसैले' (तेस्रो परिच्छेद, पृ. २३)

प्राय: सानाठूला सबै चाडपर्वहरूमा गीत गाएर मनोरञ्जन गर्ने र सांस्कृतिक परम्परालाई कायम राख्ने प्रचलन धरमपानीमा छ । तिहारको समयमा देउसी–भैलो खेल्ने चलन यहाँ पनि छ । त्यतिबेला भैली र देउसीले घरधनीलाई आशीष दिने चलन र तिनीहरूले

दिएको आशीष लाग्छ भन्ने विश्वास त्यस क्षेत्रका मानिसमा छ । यसै बेलाको देउसीमा दिइने आशीषमा यस्तै मङ्गलकामना गरिएको छ । भैली कार्तिक औँसीका दिन खेलिन्छ भन्ने कुरा गीतबाट प्रस्ट हुन्छ ।

कात्तिक मासको 'शीतै हो भैलो खेल्ने रीतै हो

हे औँसी बार गाई तिहार भैलो

हजुरले भनेको पुगोस्,

हिँड्दाडुल्दा टाउको नि नदुखोस्' (तेस्रो परिच्छेद, पृ. २१)

श्रम गर्दा गाइने गीतमा आफूले भोगेको दु:ख र उनीहरूको श्रमको महत्त्व देखाइएको छ । दु:ख-सुख गरेर एक पेट पाल्ने र यसैमा आनन्द मान्ने कृषकहरूको कर्म गीत यस्तो छ –

जनम दिने ईश्वर भगुवान जाल बुन्ने माकुरा

एकै र मानो खान नै पाउँला चलाई पाखुरा' (तेस्रो परिच्छेद, पृ. १७) ।

लवाइखुवाइ पनि मानिसको संस्कृति हो । पोसाकबाट पनि आफ्नो जातीय संस्कृतिको झलक पाउन सकिन्छ । धरमपानीको गुरुङ समाजमा प्रचलित गीतमा पनि यस्ता उदाहरणहरू पाउन सकिन्छ ।

यो नानीको शिरैमा मखमली पछ्यौरी,

छोडी जाने मैले कसोरी' (तेस्रो परिच्छेद, पृ. २५)

यस्तै अर्को गीतमा –

सलामी दिएँ मैले

खालमा बसी हेर्नेलाई

रातो कर्मु बेर्नेलाई ।

को पो बस्या रै'छ

ढाकाटोपी ढल्काउँदै

यतै आँखा कर्काउँदै (तेस्रो परिच्छेद, पृ. २२)

तनहुँ धरमपानीका लोकगीतहरूले त्यहाँका बासिन्दाको लवाइखवाइको संस्कारलाई पनि उद्घाटन गरेका छन् । गुरुङ समाजमा रोदी बस्ने, गीत गाउने र मायाप्रीति लगाउने, जीवनसाथी बन्ने परम्परा रहेको छ । समाजमा सबै एउटै विचार भएका मान्छे हुँदैनन् कोही आफ्नो स्वार्थ पूरा गरेर धोका दिन पछि पर्दैनन् । धोकाका कारण दु:खमा परेकी महिलाको सशङ्कितता यसरी व्यक्त भएको छ –

अगुल्टाले डामेको सम्झिँदा,

सातो जान्छ बिजुली चम्कँदा (तेस्रो परिच्छेद, पृ. २४)

'अगुल्टाले हानेको कुकुर बिजुली चम्कँदा तर्सन्छ' भन्ने लोकोक्तिसँग मिल्दो गीतले एकचोटि धोका खाएपछि सजिलै विश्वास नगर्ने कुरा यहाँ व्यक्त भएको छ ।

तनहुँ धरमपानीका लोकगीतमा जीवनका आदर्शमय भावनाहरू पनि व्यक्त भएका छन् । यहाँका मानिसको सांस्कृतिक, धार्मिक विश्वास र मान्यता तथा उनीहरूको परम्परा, जीवनशैली पनि विविध कोणबाट प्रकट भएको छ ।

## ४.५ तनहुँ धरमपानीको गुरुङ समाजमा प्रचलित नेपाली लोकगीतमा आर्थिक अवस्थाको चित्रण

जीवनाको मूल आधार अर्थ हो । दु:ख-सुख, मायाप्रीतिका कुराकानीमा समेत आर्थिक स्थितिले उतारचढावको अवस्था ल्याउने गर्दछ । आर्थिक कमजोरीले गर्दा परदेश जानुपर्ने बाध्यता आउँछ भने पारिवारिक तथा सामाजिक स्थितिमा प्रभाव पार्ने, विसङ्गति ल्याउने र बेमेल गराउने अवस्था सिर्जना हुन्छ । धनभन्दा मन ठूलो मानेर पनि त्यही धनको कारणले प्रेमको पासो लगाउन विवश भएको कथा-व्यथा लोकगीतमा अभिव्यक्त भएको छ ।

तनहुँ धरमपानीका लोकगीतमा धनको धोको राखिएका र यसको महिमा गाइएका गीतहरू प्रचलनमा छन् । धनको अभावमा प्रतिभा भएर पनि सदुपयोग गर्न नपाई खनजोत गर्ने र गोठाले जीवन बिताउन विवश भएका विरह-वेदना यहाँका लोकगीतमा व्यक्त भएका छन् । समाजमा धेरै मानिसहरू फाटेको–टालेको लगाएर आधा पेट खान बाध्य भएका छन् । घरबार नभएका दु:खीहरू चोखो प्रेम गर्न चाहन्छन् । गरिबीका कारण प्रेमी अर्थात् मन परेको व्यक्तिलाई आफूतर्फ आकर्षित गर्न नसकेको दुखेसो व्यक्त गरिएको छ ।

के को माया लाउँथ्यो कालासँग गोराले,  
धनी बाउको छोराले' (तेस्रो परिच्छेद, पृ. २२)

समाजमा अरूको भन्दा आफ्नो आर्थिक अवस्था कमजोर भएको, सानो झुप्रोमा बस्न विवश भएको अभिव्यक्ति यस्तो छ –

घर त मेरो पातीले बारेको  
त्यसमाथि नि मुसाले दारेको' (तेस्रो परिच्छेद, पृ. १८)

घरको अवस्था र घरमा खाने वस्तु केही नभएर मुसाले घरै भत्काउन लागेको स्थिति देखिन्छ । गीतलाई हास्यपारामा गाइए तापनि गरिबीको पराकाष्ठा यस गीतमा व्यक्त भएको छ ।

तनहुँ धरमपानीका बासिन्दाको मुख्य आर्थिक आधार कृषि हो । वर्षभरि खानेलाउने, चाडवाड मान्ने कुरा पनि पैसामा नै निर्भर रहन्छ । ग्रामीण कृषकहरूले गाउने गीतमा हलो, जुवा, कोदाली, हँसियाजस्ता कृषि पेसामा आधारित औजारहरू समावेश हुनु स्वाभाविक छ ।

दु:खीको काँधमा हलो र जुवा धार्नीको कोदाली,  
जीवन धान्न गर्नु नै पर्ने उकाली-ओराली' (तेस्रो परिच्छेद, पृ. १८)

आर्थिक अवस्थाको कमजोरीमा कोही बस्न नपरोस् सबै धनी र सुखी हुन् भन्ने मङ्गल कामना गर्ने, आर्थिक अवस्था राम्रो भएमा समाजमा सहयोगको आधार पाइने आशा पनि गीतमा व्यक्त भएका छन् । त्यसैले धरमपानीका युवायुवतीहरू भैलो खेल्ने घरको आर्थिक सुधारको लागि भन्छन् –

माटो छुँदा अन्न होस्, ढुङ्गा छुँदा द्रव्य होस् (तेस्रो परिच्छेद, पृ. २०) ।

समाजमा बस्ने कोहीलाई बिहानदेखि साँझसम्म काम गर्दा पनि खान नपुग्ने स्थिति छ भने कोही विदेश भर्ती हुन वा नोकरी गर्न जानुपरेको अवस्था छ । यिनै आर्थिक चपेटाले उब्जाएको मर्म यहाँका लोकगीतमा पाइन्छ । यस क्षेत्रका लोकगीतमा यहाँको आर्थिक वस्तुस्थिति र अभावलाई सहज रूपमा चित्रण भएको छ । यहाँका किसानहरू दाईं गर्ने बेलामा दाइँगीतमा आर्थिक सम्पन्नताको कामना गरिरहेका पाइन्छन् ।

अस्सी मुरी झरुवा बाह्रबीस रास

चम्पा फूल फुल्यो लङ्का पुग्यो बास (तेस्रो परिच्छेद, पृ. १९) ।

मानवीय जीवनमा आर्थिक अवस्थाले उतारचढाव ल्याउँछ । जोकोही व्यक्ति पनि आर्थिक रूपमा सम्पन्न भएर आरामदायी जीवन बिताउन चाहन्छ, तर परिस्थितिले साथ नदिँदा विरहका साथ यस्तो गीत गाउन विवश हुन्छन् ।

यो मनमा पर्नु पीर पऱ्या छ

झुण्डी मरुँ पटुकी गल्या छ (तेस्रो परिच्छेद, पृ. १८)

जीवनमा मरिहत्ते गर्दा पनि दु:ख नसुल्झँदा मनमा यस्ता दिग्दारी आउँछन् भने कतै आफ्नो लोग्नेको साथ रहुन्जेल दु:खै गरेर पनि मीठो खान पाउने आशा राख्दछन् ।

छुपुमा छुपु खेतैमा रोपौँ हातमा बीउ छन्जेल

दु:ख नै गरी मीठो नै खाम्ला हजुरको जिउ छन्जेल' (तेस्रो परिच्छेद, पृ. १७)

लोकगीतहरू सुखमा भन्दा दु:खमा, धनमा भन्दा गरिबीमा, सहरमा भन्दा गाउँमा, आनन्दमा भन्दा छटपटीमा सहज र स्वाभाविक रूपबाट अभिव्यक्त हुन्छन् र विरह-वेदनाले भरिएका हृदयबाट निस्रित हुन्छन् । धनी, गरीब, दु:खी-सुखी, आनन्द र कष्ट, हुने र नहुने, सक्ने र नसक्नेहरूमा देखिने समानता र असमानताका अभिव्यक्तिहरू लोकगीतमा प्रकट हुन्छन् । तनहुँ धरमपानीका गुरुङ समाजमा यस्ता गीतहरू प्रचलित छन् तिनमा आर्थिक अवस्थाको समेत चित्रण पाइन्छ ।

## ४.६ तनहुँ धरमपानीको गुरुङ समाजमा प्रचलित नेपाली लोकगीतमा प्रकृति

नेपाली लोकगीतहरू वनपाखा, गाउँबेसी, हिमाल, तराई, पहाड, नदीनालाबाट उब्जिएका छन् र सिञ्चिएका छन् । घामपानी, हुरीबतास, असिनासँग सामना गर्नुपर्ने लोकको अभिव्यक्तिमा प्रकृतजीवनका आरोहअवरोहको अभिव्यक्ति हुनु स्वाभाविक छ । लोकगीतको जन्मथलो लोकजीवन हो; प्राकृतिक परिवेश हो । प्रकृतिसँग सङ्घर्ष गर्दै प्राप्त हुन आएका अनुभूतिको सहज प्रकाशन लोकगीतमा हुन्छ । लोकगीतहरू मेलापात, वनपाखा, घाँसदाउरा गर्दा, गाईवस्तु चराउँदा घन्कन पुग्छन् । यसर्थमा पनि लोकगीत प्राकृतिक जीवनसँग घनिष्ट हुन पुगेको हो ।

तनहुँ धरमपानीका लोकगीतमा प्रकृतिचित्रण पाइन्छ । यस क्षेत्रका लोकगीतमा डाँडाकाँडा, भीरपाखा, उकालीओराली, वन, फूल, जून, तारा, नदी, हिमाल आदि प्राकृतिक वस्तुको प्रस्तुति छ । यहाँको लोकगीतमा स्थानीय प्रकृति आएका छन् भने हिमाल, जून, तारा आदि पनि समावेश छन् । धरमपानी भएर बग्ने सेती नदीको नाम जोडिएको एउटा गीत यस्तो छ –

माझीदाइ थकाई मार्‍यो सेतीको किनार (तेस्रो परिच्छेद, पृ. १६)

आफ्नी मायालुलाई जीवनपर्यन्त बिर्सन नसक्ने कुरा राख्दै रोदी जमाउने ठिटाठिटीहरूले पनि हिमाल र नदीनालाहरूलाई विषयवस्तु बनाएका छन् । जस्तो:

यो मायालाई बिर्सुंला काँ पुगी

हिउँको हिमाल मर्स्याङ्दी नसुकी । (तेस्रो परिच्छेद, पृ. २४)

हिमाल र नदीमात्र होइन चरा र वनका फलफूलहरू पनि यहाँका गीतमा समाविष्ट छन् ।

हा ... अँधेरी खोला बँयारै पाक्यो

हो, राज्यै पियारी चरीले चाखेको । (तेस्रो परिच्छेद, पृ. २३)

यी जङ्गली फलफूल, बयर, प्राकृतिक खोलो, अँधेरी, चरीजस्ता कुरा समावेश छन् ।

गाउँबेसी र उकालीओराली गर्दाका बाटोघाटो, भीरपाखाको अवस्थाजस्ता प्राकृतिक स्वरूप यहाँका मानिसले आफ्ना गीतमा समावेश गरेका छन् ।

यो नानीलाई भनेर धरमपानी ओराली,

ज्यान सुकेर भयो मुरली । (तेस्रो परिच्छेद, पृ. २५)

त्यस्तै भीरपाखामा लडिबुडी गर्ने प्राकृतिक जीव बाँदर पनि त्यहाँका गीतमा आएका छन् । जस्तै:

सानोमा सानो बाँदरै नानी

हो, राज्यै पियारी भीरमा खुरुमुरु । (तेस्रो परिच्छेद, पृ. २३)

यसरी नै वारि डाँडा, पारि डाँडामा धयाँरी फूल फुल्दा कसको मन रमाउँदैन ।

वारि डाँडा धयाँरी, पारि डाँडा धयाँरी,

धयाँरीको लालैले झुली रह्याली । (तेस्रो परिच्छेद, पृ. २८)

यसरी प्राकृतिक वातावरणका सन्दर्भबाट पनि स्थानीय लोकजीवनका आशा, निराशा, माया, मोह आदि भावना प्रकट भएका छन् । प्राकृतिक सौन्दर्यमा हुर्केका, बढेका, लोकप्रेमी धरमपानीका मानिसहरू पहाड–पखेरा, मेलापात, चौतारी, रोदी, चाडपर्व, फुर्सदको बेला जे देखे, जे भोगे, त्यसैको यथार्थ चित्रण गर्दै सुस्केरामा सुसेल्छन्, गाउँछन् ।

## ४.७ तनहुँ धरमपानीको गुरुङ समाजमा प्रचलित नेपाली लोकगीतमा लयविधान

लय लोकगीतको महत्त्वपूर्ण तत्त्व हो । लयकै आधारमा गीत र गीतको प्रकृति पहिचान हुन्छ । तसर्थ सबै गीतलाई झ्याउरे लय वा लोकलय मात्र भन्नु युक्तिसङ्गत हुँदैन । लोकलयका प्रकारलाई झ्याउरे लय, भजन लय, रोइला लय, कौरा लय, असारे लय, तीजे, भैली आदि भनेर अलग-अलग रूपमा पहिचान गर्न उपयुक्त हुन्छ ।

> लोकगीतमा लोकलयको निर्माण गीतका पङ्क्तिहरूमा पाइने विश्राम, उपविश्राम, स्वराघात, बलाघात, वर्णमात्रिक ध्वनिहरूको पुनरावृत्ति आदिद्वारा भएको पाइन्छ । लोकगीतको आन्तरिक र बाह्य दुवै सङ्गतिलाई लोकलयले बहन गरेको भेटिन्छ । यो अवस्था आधुनिक र शास्त्रीय गीतमा भेटिँदैन किनभने लयले त्यसमा सम्पूर्ण साङ्गीतिक धरातललाई आत्मसात गरेको भेटिँदैन । लोकलय सङ्गीतात्मक स्वरको आरोह-अवरोहको त्यस्तो विशिष्ट रूप हो जसले गायन, वादन र नृत्य तीनै अङ्गलाई समीकरण गर्दछ ।[1]

गीतको लयात्मक मधुरता ओजस्वी र सुमधुर बन्नमा अनुप्रास वा तुकान्तको महत्त्वपूर्ण भूमिका रहन्छ ।

> सुन माया मेरै भर पर,
> अन्त माया लाउने काम नगर' (तेस्रो परिच्छेद, पृ. २४) ।

प्रस्तुत पङ्क्तिमा रहेको 'भर, पर, काम नगर' अनुप्रास योजनाले लयलाई शक्तिशाली, सुमधुर, श्रुतिमधुर बनाएको छ । तुक मिलाउँदा र लय मिलाउँदा अनुपयुक्त र अनावश्यक शब्द पनि यसमा आउँछन्, तर त्यसले गीतको भावमा त्यति असर पार्दैन । गीतका पङ्क्तिमध्ये अघिल्लो एक पङ्क्ति वा वाक्यले कुनै प्रभाव नपारे पनि त्यसै साथको अर्को पङ्क्ति वा शब्दलाई रोचक तुल्याउन सहयोग गरेको हुन्छ ।

लयविधानका दृष्टिले तनहुँ धरमपानीमा गाइने गीतहरू विभिन्न लयमा आबद्ध छन् । झ्याउरे, रोइला, चुट्का, भजन, असारे, देउसी, मारुनी, घाटु आदि लयहरू यस क्षेत्रमा प्रचलित छन् ।

तनहुँ धरमपानीका लोकलयहरू कुनै लामा, कुनै छोटा, कुनै घुमाउरो भाकाले र कुनै ठाडो भाकाले चिनिन्छन् । गायन र प्रस्तुतिका आधारमा एउटै स्वरलहरी भए पनि गण अक्षरमा हेरफेर हुन पनि सक्छन् । यसैले लोकगीत लयको एउटा भण्डार नै भएकाले यसको स्थानअनुसार विभिन्न भेद–उपभेद हुनसक्छ ।

## ४.८ तनहुँ धरमपानीको गुरुङ समाजमा प्रचलित नेपाली लोकगीतमा अलङ्कार

अलङ्कार भनेको आभूषण हो । साहित्यमा भावनालाई यथासम्भव राम्रो र प्रभावकारी बनाउने चेष्टाबाटै अलङ्कार जन्मिएको हुन्छ । हुन त लोकसाहित्य वा लोकगीत शास्त्रीय

---

१ अरविन्द मालाकार (सम्पा.), **मिर्मिरे**, (वर्ष २५, अङ्क १२, २०५३), पृ. ५८ ।

विषयसँग सम्बन्ध राख्दैन । लोकगायक वा गीतकार अलङ्कार हेरेर गीत पनि गाउँदैनन् भनाइ वा बोलाइको प्रभावकारितामै सहज रूपमा अलङ्कार घुसेको हुन्छ । त्यसैले लोकगीतबाट अलङ्कार अलग छैन ।

तनहुँ धरमपानीमा प्रचलित लोकगीतहरूमा शब्दालङ्कार र अर्थालङ्कारको सहज संयोजन भेटिन्छ । सबैजसो लोकगीतहरूमा शब्दालङ्कार पाइन्छ भने केही लोकगीतमा अर्थालङ्कार पनि भेटिन्छ ।

'नसम्झे नरोए, मै सम्झुँला, मै रुँला, पागल भए मै हुँला ।'

(तेस्रो परिच्छेद, पृ. २२)

प्रस्तुत गीतमा शब्दालङ्कारको सहज संयोजन छ । यहाँ 'नसम्झे, नरोएमा रहेको ल, न, र ए, ए, आदि व्यञ्जन र स्वरको आवृत्तिबाट श्रुत्यानुप्रास अलङ्कार देखिएको छ । यस्तै 'मै रुँला, मै हुँला' शब्दमा रहेको 'म म' र 'नसम्झे र सम्झुँला' शब्दमा झ, झ को आवृत्ति भई वृत्यानुप्रास अलङ्कार परेको छ । यसरी नै हुँला, रुँला आदि शब्दान्तमा आएका 'उँला' शब्दले अन्त्यानुप्रास अलङ्कारको संयोजन भएको छ । यस्तै यहाँ शब्दालङ्कारको अर्को गीत यस्तो छ –

आजर मैले अचम्मै देख्यो, रूखमाथि रूखै छ,

जतामा जान्छु दु:खीको छोरा दु:खको दु:खै छ । (पृ. १७)

शब्दालङ्कारजस्तै रूपक, उपमा, स्वभावोक्ति, उत्प्रेक्षाजस्ता अर्थालङ्कारहरूले धरमपानीका लोकगीतहरू सिँगारिएका छन् । यहाँ केही अर्थालङ्कारयुक्त लोकगीतको उदाहरण प्रस्तुत छ –

के को माया लाउँथ्यो, गुन नभ'को खुनीले, धेरै माया हुनीले ।

(तेस्रो परिच्छेद, पृ. २२)

यहाँ गुन नहुने, धेरैतिर माया लगाउने खुनी मान्छेले चोखो माया नलाउनु स्वाभाविक छ । तसर्थ यसमा सहज रूपमा स्वभावोक्ति अलङ्कार परेको छ । यस्तै विरोधाभास अलङ्कार परेको गीतको उदाहरण –

यो मनमा पीर पऱ्यो कत्रो,

ज्यान सुकेर पिपलको फेँद जत्रो । (तेस्रो परिच्छेद, पृ. १८)

यहाँ मनमा पीर पर्नु र ज्यान सुकेर पिपलको फेदजत्रो हुनु परस्परमा नमिल्ने कुरा हुन्, किनकि पीर पर्दा ज्यान सुकेर झिनो-मसिनो वा दुब्लो हुनुपर्थ्यो, तर ज्यान सुकेर पिपलको फेँद जत्रो हुँदैन । यसर्थ यहाँ विरोधाभास अलङ्कार परेको छ ।

तिम्रो पनि अनुहार त थोत्रै हो,

लालीपाउडर लाएर मात्रै हो (तेस्रो परिच्छेद, पृ. २४)

यहाँ थोत्रो वा बूढो अनुहार लालीपाउडर लगाउँदैमा तन्नेरी अवस्था देखिँदैन; बूढो देखिने अन्य चिह्नहरू पनि प्रशस्तै हुन्छन् । यहाँ पाउडर लगाएर भर्खरको देखिनु अतिशयोक्ति भएको छ ।

यसरी तनहुँ धरमपानीका लोकगीतमा विभिन्न किसिमका अलङ्कारले सजिएका गीतहरू प्रचलनमा छन् । कुनै गीत लाक्षणिक अर्थ बोकेका छन् भने कुनै लोक-उखानसँग सम्बद्ध भएर आएका छन् जसले सुन्नेलाई समेत घत पार्दछ र आनन्दानुभूति पनि दिन्छ ।

## ४.९ तनहुँ धरमपानीको गुरुङ समाजमा प्रचलित नेपाली लोकगीतमा रसभाव

रसले कुनै पनि गीत वा लोकसाहित्य एवम् अन्य साहित्यिक रचनालाई रोचक र मर्मस्पर्शी पार्दछ । रसाभावका दृष्टिले धरमपानीमा प्रचलित लोकगीतमा शास्त्रीयपरम्पराको निर्वाह खोज्न सम्भव छैन । लोकगीत भएकाले यसमा सम्पूर्ण रसको परिपूर्णता वा परिपाक पनि हुँदैन तैपनि स्वत:स्फूर्त अभिव्यक्तिमा पनि रस त भई नै हाल्छ । यहाँका लोकगीतमा प्राय: सबै रसको उपस्थिति भए पनि बढी मात्रामा शृङ्गार, हास्य, करुणरस पाइन्छ । वीर र शान्तरसका गीत पनि यहाँ प्रचलित छन् ।

### ४.९.१ शृङ्गाररस

रोदीघरमा गाइने गीतमा प्राय: शृङ्गाररसकै प्राधान्य हुन्छ । गीतमा सवाल-जवाफ गरिने भएकाले रोदीगीतमा रोमाञ्चकता प्रशस्तै हुन्छ । यस्ता गीतमा भावनात्मकता पनि गाँसिएको हुन्छ । धरमपानीमा प्रचलित कौरा लोकगीतमा पनि शृङ्गाररसको संयोजन भेटिन्छ ।

यो हाम्रो जुनी दुई दिनको राम छायाँ,
काखमा बसी लाउ माया
यो नानीको शिरैमा मखमली पछ्यौरी
छोडी जानु मैले कसोरी (तेस्रो परिच्छेद, पृ. २५)

यहाँ काखमा बसेर माया लाउने कुराले र मन परेकी मायालाई छाड्न नसक्ने स्थितिले शृङ्गाररसको राम्रो संयोजन भएको छ ।

### ४.९.२ हास्यरस

जुन गीतले हाँसोको सञ्चार गराउँदछ त्यस्तो गीत हास्यरसप्रधान हुन्छ । व्यङ्ग्यविनोद गर्दा र आफ्नो दु:ख-सुखलाई बिर्सन कहिलेकाहीँ हास्यपाराका गीतहरू पनि धरमपानीमा गाइन्छन् । हँसिलो पाराले दोहोरी गीतमा छेड हान्ने गरिन्छ । यस्ता गीत रोचक र घोचक रूपमा पनि प्रस्तुत हुन्छन् ।

आज मैले ब्या गऱ्यो कपालमात्र कोर्न्या,
फट्याङ्ग्राले हलो जोत्यो भिङ्गा डल्ला फोर्ने
कमिलाले कमिजै लाइच,
फट्याङ्ग्राले चुरोटै सल्काइछ (तेस्रो परिच्छेद, पृ. १८)

### ४.९.३ करुणरस

मनोरञ्जन र आनन्दका लागि गाइने भए तापनि लोकगीतमा मानवीय पीडा र मर्महरू पनि व्यक्त हुन्छन् । तनहुँ धरमपानीका लोकगीतमा पनि मानवीय संवेदनालाई छुने खालका करुणरसप्रधान लोकगीतहरू प्रचलित छन् ।

यो मनमा पीरको भारी,
पाइन मैले बिर्साउने चौतारी' (तेस्रो परिच्छेद, पृ. १७)

उपर्युक्त गीतमा दु:ख र अभावमा पीर, चिन्ता परेको व्यक्तिको करुणभाव प्रस्फुटित छ । भाग्यले डोऱ्याएको गोरेटोमा हिँड्न विवश मान्छे दु:ख बिसाउने ठाउँ नपाएर तड्पिएको यथार्थमा करुणभाव अभिव्यक्त भएको छ ।

यसरी लोकगीत मूलत: मनोरञ्जनका निम्ति गाइने भए तापनि मानवीय अन्तर्मनका दु:ख, पीडा र मर्महरूको कारुणिक अभिव्यक्तिको माध्यम पनि लोकगीत नै बनेका छन् ।

### ४.९.४ वीररस

तनहुँ धरमपानीका लोकगीतमा वीररस पनि पाइन्छ । साहस र वीरताले भरिएका गीतहरू यस क्षेत्रमा प्रचलित छन् ।

काखै च्याप भुजेली पिठैपट्टि ढाल,
हामी त जान्छ बाहिरी मुलुक , (तेस्रो परिच्छेद, पृ. ३३)
राज्यै ज्यूको पटाङ्गिनीमा पल्टनै खेल्यो
माझ दोसाँधैमा जुझानै पऱ्यो,
आफनै या जमुधार खेलायो माइज्यू,
माझ दोसाँधैमा खेलाओ ।' (तेस्रो परिच्छेद, पृ. २४)

### ४.९.५ शान्तरस

आध्यात्मिक चिन्तन भएका भजन चुट्काजस्ता लोकगीतहरूमा शान्तरस बढी पाइन्छ । तनहुँ धरमपानीमा बालन र भजन प्रकृतिका धार्मिक गीत प्रचलनमा नरहे पनि लोकगाथायुक्त लामा लोकगीतको आरम्भ भने देवीदेवताको आराधना, धरतीमाता, नागनागिनी आदिको पुकारबाट भएको छ ।

यसरै गाउँको कुन्छ ठूलो देवता,

उही देवताको पर्छौं सरना । (तेस्रो परिच्छेद, पृ. २५)

यसरी धरमपानीका लोकगीतमा भक्तिरसले पनि ठाउँ पाएको छ । यहाँ प्रचलित मारुनी नाचमा गाइने गीत कुनै रामायणमा आधारित छन् भने कुनै कृष्णचरित्रमा आधारित छन् । धर्मग्रन्थमा आधारित भएकाले यी शान्तरस प्रधान छन् ।

## ४.१० निष्कर्ष

लोकगीतको रूप वा आयाम प्रायः कविताविधाको लघु र मझौला रूपाकृति स्तरको हुन्छ । लामा–छोटा जेजस्ता भए पनि सबैमा धेरथोर कथ्यवस्तु रहेकै हुन्छ । कतिपय गीतमा भने कथ्य के हो ? भनेर खुट्याउनु पर्ने हुन्छ । धरमपानीका प्रायः छोटा गीतमा कथ्यको सबल प्रभाव भेटिँदैन । **देउसी र भैलो**मा बलिराजाको प्रसङ्ग, घरबेटीको प्रशंसा र आशीर्वाद कथ्य बनेको छ भने **रोइला गीत**मा मायाप्रीतिको प्रसङ्ग कथ्य बनेको छ । त्यस्तै 'हो, राज्यै पियारी', 'रोदीगीत', 'तालपानीको छेउ', 'चुट्का', 'सालैजो' मा पनि मायाप्रीति, जीवनका दुःख-सुखहरू कथ्यवस्तु बनेका छन् ।

लामा गाथायुक्त लोकगीतमा **घाटु** र **मरुनी गीत** रहेका छन् । तनहुँ धरमपानीमा 'सतीघाटु' को प्रचलन रहेको छ । सतीखण्डमा मङ्गलाचरण खण्डअन्तर्गत इष्टदेवताहरू हिमचुली, देउचुली, वरचुलीको स्तुति गायन छ भने दोस्रो खण्डमा घाटुली जगाउने, फूल टिप्ने कुरा आएका छन् । तेस्रो खण्डमा घाटुलीको रूपमा अम्बावतीले काम गरेका, खाजा खाएको प्रसङ्ग आएको छ । चौथो खण्डमा नदीमा जाल खेल्ने काम भएको छ भने पाँचौं खण्डमा सिकारको प्रसङ्ग आएको छ । छैटौं खण्डअन्तर्गत विवाहको सन्दर्भ रहेको छ – राजा पश्रामु र अम्बावती रानीको विवाह भएको छ । सातौं खण्डमा बालकृष्ण बालकको जन्म भएको प्रसङ्ग आएको छ । आठौं खण्डमा सतीघाटुको मूल विषयवस्तु समावेश छ जसमा राजा पश्रामुसँगै रानी अम्बावती सती गएकी छन् । अन्तिम नवौं खण्डमा घाटु अन्त गर्ने वा सेलाउने कुरा रहेका छन् ।

'मारुनी' गीत वाद्यनृत्य सामूहिक पुरुषप्रधान गीत हो । धरमपानी क्षेत्रमा प्रचलित मारुनीगीतमा रामायण र कृष्णचरित्रको मिश्रण छ । यस गीतमा प्रथम खण्डमा सरिवन खण्ड छ जसमा अन्धाअन्धी र श्रवणकुमारको करुण कहानी कथ्य बनेको छ भने दोस्रो खण्ड वनबास खण्ड हो । यस खण्डमा राम-लक्ष्मणको वनबासको प्रसङ्ग छ । तेस्रो खण्ड चरित्र खण्ड हो यो कृष्णचरित्रसँग सम्बन्धित छ । यस खण्डमा मामा कंसले भान्जा कृष्णलाई मार्न षड्यन्त्र गरेको कथ्यवस्तु रहेको छ । **मारुनी गीत**को कथ्यवस्तु विशृङ्खलित रूपमा रहेको छ तापनि खण्डखण्ड छुट्याएर कथ्यवस्तुको पहिचान गरिएको छ ।

धरमपानीका लोकगीतमा आर्थिक अवस्थाको चित्रण कुन रूपमा व्यक्त भएको छ भनेर नियाल्ने काम यस परिच्छेदमा गरिएको छ । कृषि पेसामा आधारित त्यहाँको जनजीवनले गरिबी, दुःख र पीडाका मर्मका साथै उकालीओराली गर्दाका दुःखलाई गीतमार्फत व्यक्त गरेका छन् । समाज-चित्रणका हिसाबले त्यहाँका लोकगीतमा दुःख-सुख, मायाप्रीति, आफ्नो कर्म वा

भाग्यको फल जस्तो छ त्यस्तै भोग्नुपर्ने अवस्थाजस्ता प्रसङ्ग आएका छन् । प्रकृति-चित्रणका हिसाबले स्थानीय प्रकृति सेती नदी, धरमपानी, ओराली, वन, बाँदरजस्ता प्राकृतिक वस्तुहरू आएका छन् । धरमपानीका लोकगीतलाई सांस्कृतिक हिसाबले विश्लेषण गर्दा चाडबाड मान्ने, पिङ खेल्ने, रोदी बस्ने, देवीदेवतालाई मान्नेजस्ता सांस्कृतिक पक्षहरू तिनमा अभिव्यक्त भएका छन् ।

लयका दृष्टिकोणले धरमपानीमा झ्याउरे लय, भजन लय, असारे लय, भैलो लय, घाटु र मारुनी लयका गीतहरू प्रचलित छन् । अलङ्कारका दृष्टिले यहाँका गीतमा शब्दालङ्कार र अर्थालङ्कार दुवै अलङ्कारयुक्त गीत प्रयुक्त छन् । उपमा, स्वभावोक्ति, रूपक, उत्प्रेक्षा, श्रुत्यानुप्रास, वृत्यानुप्रास, अन्त्यानुप्रासजस्ता अलङ्कारहरूले धरमपानीका गीतहरू अभिसिञ्चित भएका छन् ।

रसाभावका आधारमा हेर्दा धरमपानीका लोकगीतमा शृङ्गार, हास्य, करुण, वीर र शान्तरसको अभिव्यक्ति पाइन्छ ।

यसरी धरमपानीका लोकगीतहरूमा कुनै न कुनै कथ्यवस्तु प्रकट भएको छ । यिनमा स्थानीय समाजचित्रण, संस्कृति-चित्रण र आर्थिक अवस्थाको चित्रण पाइन्छ । विविध लोक लय, अलङ्कार, रसको सहज अभिव्यक्ति र प्रयोग भेटिन्छ ।

# पाँचौं परिच्छेद
# उपसंहार

**तनहुँ धरमपानीको गुरुङ समाजमा प्रचलित नेपाली लोकगीतको सङ्कलन, वर्गीकरण र विश्लेषण** प्रस्तुत शोधकार्यको शीर्षक हो । पहिलो परिच्छेदमा शोधपरिचय रहेको छ । यसअन्तर्गत शोधशीर्षक, शोधको प्रयोजन, समस्याकथन, शोधको उद्देश्य, पूर्वकार्यको सर्वेक्षण, शोधको औचित्य, शोधविधि र अध्ययनको सीमामाथि सङ्क्षेपमा प्रकाश पारिएको छ ।

दोस्रो परिच्छेदमा *लोकगीतको सैद्धान्तिक स्वरूप* रहेको छ । लोकगीत लोकसाहित्यको प्रमुख विधा हो । स्थानीय लोकभाकामा एक व्यक्तिबाट अर्को व्यक्तिमा हस्तान्तरित हुँदै लोकगीत जीवन्त बन्दछ । नदीजस्तै अविरल रूपमा स्वच्छन्द भएर बग्ने लयात्मक अभिव्यक्ति लोकगीत हो । मानव मस्तिष्कमा छिट्टै प्रभाव पार्न सक्ने क्षमता लोकगीतमा हुन्छ । लोकको सामाजिक सम्पत्तिका रूपमा लोकगीतहरू हुर्कंदै र फक्रँदै आएका हुन् । रचनाकार र रचनाकाल अज्ञात रहनु, मौखिक एवम् श्रुतिपरम्परामा आधारित हुनु, सामूहिक अभिव्यक्ति, परिवर्तनशील, सरल र सहज, लयात्मकता, पुनरावृत्ति, मनोरञ्जनात्मकता,प्रभावकारिता, हार्दिक पक्षको तीव्रता, लोकत्त्वको प्रस्तुति, भावगत, एकोन्मुखता, प्रगीतात्मकता लोकगीतका विशेषता हुन् । भाव, उद्देश्य, भाषा, शैली र लय लोकगीतका प्रमुख रचनात्मक तत्त्व हुन् । सङ्गीत, पात्र, घटना, परिवेश आदि लोकगीतका गौण तत्त्व हुन् । लोकगीतलाई जातीय, क्षेत्रीय, लैङ्गिक, पेसागत, उमेरगत, सामूहिक, एकल, भावप्रधान, घटनाप्रधान आख्यानात्मकता आदि विविध आधार मानेर वर्गीकरण गर्न सकिन्छ । कथ्य विषयका आधारमा गरिने वर्गीकरण बढी उपयोगी ठहर्छ ।

तेस्रो परिच्छेदमा *तनहुँ धरमपानीको गुरुङ समाजमा प्रचलित नेपाली लोकगीतको सङ्कलन र वर्गीकरण* रहेको छ । विषयसन्दर्भका आधारमा संस्कार, पर्व, श्रमगीत, बाह्रमासे र सांस्कृतिक गीत, प्रस्तुतिका आधारमा एकल र सामूहिक, पुरुष वा नारीप्रधान्यका आधारमा पुरुषप्रधान र नारीप्रधान, सहभागिताका आधारमा महिला सहभागी र पुरुष सहभागी, गायन प्रकृतिका आधारमा गेय, सङ्गेय, अन्त्यपभावका आधारमा सुखान्त, दुःखान्त, रसाभावका आधारमा करुण, शान्त, शृङ्गार, आख्यानतत्त्वका आधारमा आख्यानयुक्त र आख्यानमुक्त आदि आधारमा धरमपानीका लोकगीतहरू वर्गीकृत भएका छन् । तेस्रो परिच्छेदका उपशीर्षकअन्तर्गत धरमपानीका लोकगीतहरूको वर्गीकृत सङ्कलन रहेको छ । संस्कारगीतमा रत्यौली, श्रमगीतमा असारे, साउने र दाइँगीत छन् । पर्वगीतमा भैलो र देउसी रहेका छन् भने सदाकालिक वा

बाह्रमासेअन्तर्गत रोइला, हो, राज्यै पियारी, रोदीगीत, तालपानीको छेऊ, चुट्का/कौरा, सालैजो रहेका छन् । लामा गाथायुक्त गीतमा घाटु, मारुनी रहेका छन् । स्थानीय प्रचलन र प्रभावका आधारमा हेर्दा कुनै एउटा वर्गीकरणमा परेको गीत अर्कै वर्गीकरणमा पर्न सक्छ ।

चौथो परिच्छेदमा *तनहुँ धरमपानीको गुरुङ समाजमा प्रचलित नेपाली लोकगीतको विश्लेषण* छ । स्थानीय कथ्यवस्तुका आधारमा रत्यौलीमा मुखिया बाले छोरी माग्न आउँदा नक्कली गरगहना ल्याएका र केटीपक्षले चाल पाएर छोरी दिन्न भनेको कथ्यवस्तु छ । पर्वगीतमा देउसी र भैली रहेका छन् । बलीराजाको प्रसङ्ग आशीर्वाद, पुरानो रीति मान्ने कथ्य देउसी र भैलोमा आएका छन् । श्रमगीतमा असारे र साउने गीत रहेका छन् । दुःखै गरेर भए पनि आफ्ना खसमको जिउ छन्जेल एक पेट खान पाउने कथ्य असारे गीतमा प्रकट भएको छ । साउनेगीतमा आफ्नो कर्मको फल भोग्नुपर्ने, दुःखसुख कर्मको फल हो र दुःख बिसाउने ठाउँ नभएको दुखेसो कथ्य बनेको छ । रोइला, सालैजो, रोदी, तालपानीको छेउ, चुट्का, हो, राज्यै पियारी गीतमा मायाप्रीति, हाँसो ठट्टा र दुःखसुखका गन्थनमन्थन नै मूल कथ्य बनेका छन् ।

लामा गाथायुक्त गीतमा घाटु र मारुनी रहेका छन् । घाटुमा राजा पश्रामु र रानी अम्बावतीको विवाह भएको प्रसङ्ग सिकारको प्रसङ्ग, लडाइँमा गएको, राजाले वीरगति प्राप्त गरेको प्रसङ्गका साथै राजा पश्रामुसँगै रानी सती गएको कथ्यवस्तु रहेको छ । तनहुँ धरमपानीमा रामायण र कृष्णचरित्रमा आधारित मिश्रित मारुनीगीतको प्रलचन रहेको छ । श्रवणकुमार र अन्धाअन्धी बाबुआमासँग सम्बन्धित पहिलो भागमा राजा दशरथले मृगको भ्रममा परेर श्रवणकुमारलाई बाँण हानेको, अन्धाअन्धीले बिलौना गरेको दुःखद कथ्यवस्तु सरिवन खण्डमा रहेको छ । दोस्रो खण्ड वनबास खण्ड हो । यो खण्डमा रानी कैकेयीको स्याहारसुसारबाट राजा प्रसन्न भएर कैकेयीको सल्लाअनुसार रामलक्ष्मणलाई वनबास र भरतलाई राज्य दिएको रामायणसँग सम्बन्धित विषयवस्तु कथ्य बनेको छ । तेस्रो खण्ड चरित्र खण्ड हो । यस खण्डमा कृष्णचरित्रसँग सम्बन्धित विषयवस्तु छ । कंसले बालक कृष्णलाई मार्न षड्यन्त्र रचेको र गरुडको सहायताबाट कृष्ण बाँच्न सफल भएको कथ्यवस्तु चरित्र खण्डमा रहेको छ ।

तनहुँ धरमपानीका लोकगीतमा आर्थिक अवस्थाको पनि चित्रण छ । गरिबी, दुःख, पीडाका आन्तरिक मर्मका साथै उकालीओराली गर्दाका क्षणहरूमा गाइएका गीतमा कृषि पेसामा आधारित त्यहाँको जनजीवन आएको छ । त्यस क्षेत्रमा प्रचलित गीतले स्थानीय समाजको चित्रण गरेका छन् । चाडवाड मान्ने, रोदी बस्ने, मायाप्रीति लाउने, कृषि पेसामा आधारित रहने त्यहाँको समाज हो । त्यहाँका गीतमा यस्ता भाव आएका छन् । स्थानीय प्रकृति, सेती नदी, धरमपानी, ओराली, वन, बाँदर, चराचुरुङ्गी आदिको प्रयोग भएको हुनाले स्थानीय क्षेत्रमा प्रचलित लोकगीतमा प्रकृतिचित्रण भएको छ ।

धरमपानीका लोकगीतलाई सांस्कृतिक हिसाबले पनि चित्रण गरिएको छ । चाडवाड मान्ने, पिङ खेल्ने, रोदी बस्ने, देवीदेवतालाई मान्नेजस्ता सांस्कृतिक पक्षहरू तिनमा अभिव्यक्त भएका छन् । लयका दृष्टिकोणले धरमपानीका लोकगीतमा झ्याउरे लय, भजन लय, असारे लय, भैलो लय, घाटु र मारुनी लयका गीतहरू प्रचलित छन् । धरमपानीका गीतमा शब्दालङ्कार र अर्थालङ्कार दुवै अलङ्कार पाइन्छन् । उपमा, रूपक, स्वभावोक्ति, उत्प्रेक्षा तथा श्रुत्यानुप्रास, वृत्यानुप्रास, अन्त्यानुप्रासजस्ता अलङ्कारहरूको सहज संयोजन छ । रसाभावका आधारमा हेर्दा

स्थानीय क्षेत्रमा प्रचलित लोकगीतमा शृङ्गार, हास्य, करुण, शान्त र वीर रसको अभिव्यक्ति छ । घाटुको सतीखण्डमा करुण रस, मारुनीगीतमा शान्त रसको परिपाक छ । यसप्रकार स्थानीय गुरुङ समाजमा प्रचलित नेपाली लोकगीतहरूलाई कथ्यवस्तु, आर्थिक अवस्थाको चित्रण, सामाजिक चित्रण, सांस्कृतिक चित्रण, प्रकृतिचित्रण, अलङ्कारप्रयोग, रसाभावको प्रयोग र लयको प्रयोगका आधारमा विश्लेषण गर्न सम्भव भएको छ ।

## निष्कर्ष

लोकगीत लोकको साझा सम्पत्ति हो । तनहुँ धरमपानीको गुरुङ समाजमा प्रचलित नेपाली लोकगीतबाट धरमपानी क्षेत्र मात्र होइन सम्पूर्ण क्षेत्र, देश र देशवासीलाई चिनाउने काम भएको छ । गुरुङ समाजको बाहुल्य रहेको यस क्षेत्रमा अशिक्षा र अज्ञानता अझै छ; त्यहाँ प्रचलित लोकगीतको सङ्कलन गरेर जगेर्ना गर्नु जरुरी छ । यस्ता गीतको जगेर्ना गर्नु सबैको दायित्वभित्र पर्न आउँछ । यही सन्दर्भमा तनहुँ धरमपानीमा प्रचलित लोकसाहत्यको भण्डारबाट लोकगीतको सङ्कलन गर्ने र विश्लेषण गर्ने कार्य यहाँ भएको छ । स्थानीय गुरुङ समाजमा संस्कार, पर्व, श्रम, बाह्रमासे र सांस्कृतिक आदि गीतको प्रचलन रहेको छ । यहाँ प्रचलित लोकगीतहरूले नेपाली जीवनशैली, संस्कृति, रीतिरिवाजलाई चिनाउने काम गरेका छन् । क्षेत्रीय आधारमा गरिएको यस शोधकार्यबाट तनहुँ धरमपानीमा के–कस्ता लोकगीतहरू प्रचलनमा छन् ? स्थानीय गुरुङ समाजमा कुन चाडपर्वमा कस्ता गीत गाइन्छन् ? आदि कुराको जानकारी प्राप्त हुन्छ । नेपाली लोकगीतको परम्परा थाहा पाउन, लोकसम्पदाको संरक्षण र सम्बर्द्धनमा यस अध्ययनले थप योगदान दिनेछ । यस क्षेत्रमा लोकसाहित्यको थप अनुसन्धानका निमित्त निम्नलिखित शीर्षक वा समस्यामा केन्द्रित हुन उपयुक्त देखिन्छ –

(१) तनहुँ धरमपानीमा प्रचलित लोककथाको सङ्कलन, वर्गीकरण र विश्लेषण

(२) तनहुँ धरमपानीमा प्रचलित लोकउखानको सङ्कलन, वर्गीकरण र विश्लेषण

(३) तनहुँ धरमपानीका गुरुङ समाजमा प्रचलित घाटु गीत र लमजुङमा बसोवास गर्ने गुरुङसमाजमा प्रचलित घाटु गीतको तुलनात्मक अध्ययन ।

# सन्दर्भग्रन्थसूची

## (१) प्रमुख पुस्तकहरू


आर्.डी. र एल्.एल्. **नेपालका विभिन्न जाति र लोकगीत एक परिचय**, काठमाडौँ : जगदम्बा प्रकाशन, २०२३ ।

कन्दङ्वा, काजीमान, **नेपाली जनसाहित्य**, काठमाडौँ : रोयल नेपाल एकेडेमी, २०२८ ।

कोइराला, शम्भु, **लोकसाहित्य सिद्धान्त र विश्लेषण**, विराटनगर : धरणीधर पुस्तक प्रतिष्ठान, २०५५ ।

गुरुङ, कृष्ण, **माया नमार है,** लेखक स्वयम्, २०६२ ।

गुरुङ सरिता, **गुरुङ संस्कृतिमा रोदीगीतको अध्ययन**, अप्रकाशित शोधपत्र, एम्.ए. नेपाली, त्रि.वि., कीर्तिपुर, २०५४ ।

चालिसे, विजय, **डोटेली लोकसंस्कृति र साहित्य**, काठमाडौँ : साझा प्रकाशन, २०३९ ।

जोशी, सत्यमोहन, **हाम्रो लोकनृत्य र लोकगीत**, काठमाडौँ : रत्नपुस्तक भण्डार, २०१४ ।

थापा, धर्मराज, **गण्डकीका सुसेली**, काठमाडौँ : नेपाल राजकीय प्रज्ञाप्रतिष्ठान, २०३० ।

तिवारी शोभा, **लोक सङ्गीतार्पण**, ललितपुर : साझा प्रकाशन, २०६० ।

पराजुली, मोतीलाल, **नेपालमा प्रचलित नृत्य र नृत्यनाटिकाहरू**, ललितपुर : साझा प्रकाशन, २०६३ ।

पन्त, कालीभक्त, **हाम्रो सांस्कृतिक इतिहास**, स्याङ्जा : लेखक स्वयम्, २०२८ ।

बराल मगर, केशरजङ्ग, **पाल्पा, तनहुँ र स्याङ्जाका मगरहरूको संस्कृति**, काठमाडौँ : नेपाल राजकीय प्रज्ञाप्रतिष्ठान, २०५० ।

बन्धु, चूडामणि, **नेपाली लोकसाहित्य**, काठमाडौँ : एकता बुक्स, २०५८ ।

भट्टराई, अम्बिकाप्रसाद, **तनहुँ ढोरका लोकगीतको सङ्कलन, वर्गीकरण र विश्लेषण**, अप्रकाशित शोधपत्र, स्नातकोत्तर तह, त्रि.वि., नेपाली विभाग, कीर्तिपुर, २०५२ ।

विष्ट, डोरबहादुर, **सबै जातको फूलबारी**, ललितपुर : साझा प्रकाशन, २०५२ ।

शर्मा, मोहनराज र लुइटेल, खगेन्द्रप्रसाद, **लोकवार्ता विज्ञान र लोकसाहित्य**, काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार, २०६३ ।

शर्मा, जनकलाल, **हाम्रो समाज**, ललितपुर : साझा प्रकाशन, २०३९ ।

शाह, सुबी, **नेपाली लोकगीतको झलक**, ललितपुर : साझा प्रकाशन, २०६२

## (२) प्रमुख पत्रपत्रिकाहरू

पराजुली, कृष्णप्रसाद, *लोकगीतको परिभाषा र वर्गीकरण,* **कुञ्जिनी**, वर्ष ५, अङ्क ३, साहित्यकुञ्ज, नेपाली केन्द्रीय विभाग, त्रि.वि., कीर्तिपुर, २०५४ ।

मालाकार, अरविन्द (सम्पा.), **मिर्मिरे**, वर्ष २५, अङ्क १२, २०५३ ।

# परिशिष्ट

## परिशिष्ट : एक
## अन्तर्वार्ताको प्रश्नावलीनमुनाहरू

### क) कौरागीतको गुरुसँग लिएको अन्तर्वार्ता

(१) तपाईंको नाम ?

उत्तर : मेरो नाम शुकबहादुर गुरुङ ।

(२) तपाईं अहिले कति वर्ष हुनुभयो ?

उत्तर : म अहिले ४८ वर्षको भएँ ।

(३) तपाईंले कति वर्षदेखि यो चुड्का गीत गाउन थाल्नुभएको हो ?

उत्तर : सुरुमा त समूहमा १५–१६ वर्षदेखि गाउन थालियो । सिक्दैजाँदा आफ्नो समूहको नाइके भएर गाउन थालेको चाहिँ ३० वर्षको भएपछि हो ।

(४) यो चुड्का गीत कहिलेदेखि कहिलेसम्म गाइन्छ ?

उत्तर : चण्डीपूर्णिमादेखि असार महिनाको अन्तिमसम्म गाइन्छ; त्यसपछि झ्याउरे गीत सुरु हुन्छ ।

(५) 'मारुनी नाच' कहिले सुरु हुन्छ त ?

उत्तर : यो नाच कार्तिक औंसीबाट मङ्सिर-पुससम्म चल्छ ।

(६) चुड्का गाउँदा के–कस्ता वाद्यवादनका साधनहरू प्रयोग गरिन्छ ?

उत्तर : यसमा खैँजडी र मुजुरा प्रयोग हुन्छ ।

(७) चुड्काका भाका कति किसिमका हुन्छन् ?

उत्तर : साधारण भाका, लामो, छोटो र तीनतले (तीन ताले) झ्याउरे गीतहरू पनि ताल मिलाएर गाउन सकिन्छ ।

(८) तीनतले भाकाको एउटा गीत भनिदिनुहोस् न ।

उत्तर : पानीमाथि सिँयाली त दुधैमाथि तर,
हाँसीमा हाँसी खेलेर माया लाउँदै गर ।

धानको बाला हरियो भयो कदमको छायाँले,

दिनको बाटो म धाउँदै आयो ज्यान तिम्रो मायाले ।

गाई नि मार्‍यो भैँसी नि मार्‍यो आँधीको रोगैले

न रात निद्रा, न दिउँसो भोक, ज्यान तिम्रो शोकले ।

(९) यो गीत कतिजना भएर गाउन मिल्छ त ?

उत्तर : यो समूहमा गाउने गीत हो; ५–६ जनादेखि लिएर ६०–७० जनासम्म समूहमा गाउन सकिन्छ ।

## ख) मिति २०६५।७।२४ गते शोधकर्ताले मारुनी गायकसँग लिएको अन्तर्वार्ता

(१) तपाईंको नाम ?

उत्तर : मेरो नाम आनन्दबहादुर गुरुङ हो ।

(२) तपाईं कति वर्ष हुनुभयो ?

उत्तर : म अहिले ७० वर्षको भएँ ।

(३) तपाईंले यो 'मारुनीगीत' कहिलेदेखि वा कति वर्ष हुँदादेखि गाउन सुरु गर्नुभएको हो ?

उत्तर : ३५ वर्षको भएपछि गाउन थालेको हो ।

(४) यो गीत कुन महिनामा गाउनु हुन्छ ?

उत्तर : दसैँको औँसीदेखि मङ्सिर-पुससम्म गाइन्छ ।

(५) यो गीत गाउने र नाच्ने बजाउनेलाई के–के भनिन्छ ?

उत्तर : गीत निकाल्नेलाई गुरुबा भनिन्छ, नाच्नेलाई मारुनी, १ जना बिजवारे र मादले भनिन्छ ।

(६) यो गीत गाउन कति समय लाग्छ ?

उत्तर : यो गीत पूरा गाउन २ दिनसम्म लाग्छ ।

(७) तपाईंको गुरुको नाम के हो ? उहाँको घर कहाँ हो ?

उत्तर : मेरो गुरुको नाम धनजीत गुरुङ हो । देउराली गा.वि.स. ढिडेगाउँ हो ।

(८) तपाईंको यो गीतका निम्ति शिष्य/चेला बनाउनु भएको छ ?

उत्तर : आजकलका केटाहरू यसमा चासै राख्दैनन् ।

(९) यो गीत गाउँदा देउता चढ्छन् भन्ने कुरा छ, के यो सत्य हो त ?

उत्तर : हो, यसमा देउता चढ्ने, काम्ने गर्छन् । बोक्सी, प्रेतले दु:ख दिन्छन् । त्यसैले देवदेवी पुकार गरेर गीत सुरु गरिन्छ ।

# परिशिष्ट : दुई

# विशेष शब्द–अर्थ

यस परिशिष्ट भागमा विभिन्न गीतहरूमा प्रयोग भएका विशेष शब्दको अर्थ प्रस्तुत गरिएको छ :

| शब्द | – | अर्थ |
|---|---|---|
| उई | – | उही |
| कर्मु | – | पछ्यौरी |
| कापुल | – | कपाल |
| कोर्न्या | – | कोर्ने |
| गोल्यानी | – | नृत्य गर्ने महिला/नर्तकी |
| गैरुधारा | – | भोग चढाउने |
| चराना | – | चरण |
| चौपैसेरो | – | चारपाटा मिलेको |
| जुहारैल | – | आराधना गर्नु/गुहार्नु |
| दुवाल्दै | – | छेक्दै |
| पेटारो | – | पटुका |
| फोर्न्या | – | फोर्ने |
| ब्यागर्नु | – | विवाह गर्नु |
| भोरिजन | – | भोजन |
| मोहरा | – | मुहुडा (अनुहार/मोहडा) |
| रसोरी | – | रस्सी/डोरी |
| लाइच | – | लाएछ |
| हालो | – | हलो |
| हामुलाई | – | हामीलाई |